# The Book of JOHN

Based on the Serampore Text of 1821 A.D. Translated by the Missionary William Carey in Nepali language, improved with readings from AV 1611

Copyright: Bible Believing Baptist Foundation

The reeprinting or reproduction by any means without the publishers written permission is forbidden.

www.holybiblefoundation.org

# <u>यूहन्नाको सुसमाचार</u>

## १ अध्याय

१. आदिमा **वचन** हुनुहुन्थ्यो र **वचन** ईश्वरसित हुनुहुन्थ्यो र **वचन** ईश्वर हुनुहुन्थ्यो ।
२. उहाँ पहिला ईश्वरकहाँ हुनुहुन्थ्यो ।
३. सब उहाँद्धारा हुन आयो, अनि जे हुन आयो त्यसमध्ये केहीपनि उहाँविना हुन आएन ।
४. उहाँमा जीवन थियो अनि त्यो जीवन मानिसहरुका ज्योति थियो ।
५. अनि ज्योति अन्धकारमा चम्कन्छ र अन्धकारले उहाँलाई बुझ्रेन ।
६. ईश्वरदेखि पठाईयाको एकजना थिए जस्को नाम यूहन्ना थियो ।
७. उनी गवाही हुनलाई आए, ज्योतिका विषयमा गवाही दिनलाई आए, ताकी उनीद्धारा सबै मानिसले विश्वास गरुन् ।
८. उनी त्यो ज्योति थिएनन् तर त्यस ज्योतिका विषयमा गवाही दिनलाई आए ।
९. त्यो साँचो ज्योति थियो कि जो संसारमा आउने सब मानिसलाई उज्यालो गर्दछ ।
१०. उहाँ संसारमा हुनुहुन्थ्यो अनि संसार उहाँद्धारा हुन आयो र संसारले उहाँलाई जानेन ।
११. उहाँ आफ्नैकहाँ आउनुभयो र आफ्नैले उहाँलाई ग्रहण गरेनन् ।
१२. तर जस्ले उहाँलाई ग्रहण गरे उनीहरुलाई उहाँले ईश्वरका पुत्र हुनका अधिकार दिनुभयो अथार्त आफ्नो नाममा विश्वास गर्नेहरुलाई ।
१३. जो रगतदेखि वा शरिरका इच्छाले वा मानिसका इच्छाले जन्मनुभएन तर ईश्वरदेखि जन्मनुभयो ।
१४. अनि **वचन** देह हुनुभयो अनि दया र सत्यताले भरपूर भएर हाम्रो माझमा वस गर्‍यो अनि पिताका एक मात्र जन्माइएका पुत्रका महिमाका जस्तो हामीले उहाँका महिमा देख्यौँ ।
१५. यूहन्नाले उहाँका हकमा गवाही दिए र यस्तो भनेर कराएर भने कि यहाँ उहाँ हुनुहुन्छ मैले जस्का विषयमा भने कि जो मपछी आयो त्यो मेरो अघी थियो किनकि उहाँ मभन्दा अघि हुनुहुन्थ्यो ।
१६. अनि हामीसबैले उहाँका भरपूरी देख्न पायौं र अनुग्रहका लागी अनुग्रह पायौं ।
१७. किनकि व्यवस्था मोशाद्धारा दिइयो तर अनुग्रह र सत्यता येशू ख्रीष्टद्धारा आयो ।
१८. एक मात्र जन्माइएका पुत्रले बाहेक कसैले पनि ईश्वरलाई कहिल्यै देखका छैन, जो पिताका छातिमाथी हुनुहुन्छ उहाँले उहाँलाई जन्माउनुभयो ।
१९. अनि यो यूहन्नाको गवाही हो जब यहूदिहरुले तँ को होस् ? भनी उनलाई यो कुरा सोध्नका लागी येरुशलेमदेखि पुजाहारीहरुलाई र लेवीहरुलाई पठाए ।
२०. र उनले ग्रहण गरे र ढिपी गरेनन् तर ग्रहण गर्‍यो कि म ख्रीष्ट होइन ।
२१. अनि उनीहरुले उनलाई सोधे कि तब तँ के एलीया होस् ? अनि उनले भने कि म होइन । तँ के भविष्यवक्ता होस् ? अनि उनले भने कि म होइन ।
२२. अनि उनीहरुले उनलाई भने कि तब तँ को होस् कि हामि उनीहरुलाई जवाफ् दिँउ जस्ले हामीहरुलाई पठाए तँ आफ्नो विषयमा के भन्छस् ?

२३. उनले भने कि यशैया भविष्यवक्ताले भने जस्तै म उजाडस्थानमा कराउने आवाज हुँ, कि प्रभुका बाटो तयार गर ।

२४. अनि तिनीहरु फरिसीहरुद्धारा पठाइएका थिए ।

२५. अनि उनीहरुले उनलाई सोधे र उनलाई भने कि यदि तँ खीष्ट होइन र एलीया होइन र त्यो भविष्यवक्तापनी होइन तब किन बप्तिष्मा दिन्छस् ?

२६. यूहन्नाले उनीहरुलाई यो कुरा भने कि म बप्तिष्मा पानीमा दिन्छु तर तिमीहरुका माझमा एक जना खडा छ जस्लाई तिमीहरु जान्दैनौ ।

२७. उहाँ यहि हुनुहुन्छ जो म पछी आउने भएर मेरो अघी हुनुहुन्थ्यो अनि म उहाँका जुत्ताका तुना फुकाउने लाएक छैन ।

२८. यो यर्दनका त्यसपारका बेथबारामा भएका थियो, जँहा यूहन्नाले बप्तिष्मा दिन्थे ।

२९ त्यसका अर्का दिन यूहन्नाले आफुकहाँ येशूलाई आइरहेका देखे, र भने कि ईश्वरका भेडाका पाठोलाई हेर जस्ले संसारका पापलाई लैजान्छ ।

३०. उहाँ यहि हुनुहुन्छ, जस्का विषयमा मैंले भने कि एक जना म पछी आउनुहुन्छ, जो म भन्दा अघी हुनुहुन्थ्यो किनकि उहाँ म भन्दा अघि हुनुहुन्थ्यो ।

३१. अनि मैंले उहाँलाई जानिन केवल कि उहाँ ईस्राएलकहाँ प्रकट हुनुपर्छ त्यसैले म पानिमा बप्तिष्मा दिदै आएँ ।

३२. अनि यूहन्नाले यस्तो भनेर गवाही दिए कि मैले आत्मालाई ढुकुरझैं स्वर्गदेखि झर्दो र उहाँमाथि बसेका देखें ।

३३. अनि मैलें उहाँलाई जानीन तर उहाँले पानिमा बप्तिष्मा दिनका लागी मलाई पठाउनुभयो उहाँले नै मलाई भन्नुभयो कि तँ जस्का माथी आत्मालाई झर्दो र उनीमाथी बसेका देख्नेछस् पवित्र आत्माले बप्तिष्मा दिने उनी नै हो ।

३४. अनि मैंले देखे. र गवाही दिएँ कि उहाँ ईश्वरको पुत्र हुनुहुन्छ ।

३५. त्यसपछि फेरि अर्का दिन यूहन्ना र उनका शिष्यहरुमध्येका दुइ जनापनी खडा भए ।

३६. अनि येशूलाई हिँडेका देखेरभने कि ईश्वरका भेडाका पाठालाई हेर ।

३७. अनि र दुइ शिष्यहरुले उनका कुरा सुने र येशूका पछी गए ।

३८. येशूले फर्किनुभयो र उनीहरुलाई आफ्नो पछी आइरहेका देखेर उनीहरुलाई भन्नुभयो कि तिमीहरु कस्लाई खोज्दैछौ ? उनीहरुले उहाँलाई भने कि हे रव्वी (अर्थात गुरु) तपाई कहाँ बस्नुहुन्छ ?

३९. उहाँले उनीहरुलाई भन्नुभयो कि आऊ र हेर, उनीहरु आए र उहाँ जँहा रहनुहुन्थ्यो त्यो दखे र त्यसदिन उहाँसगँ रहे, किनकि दशौं घण्टा अनुमानले दिन भएका थियो ।

४०. जो दुइ जना यूहन्नाका कुरा सुनेर उहाँका पछी गएका थिए उनीहरुमा एक जना शिमोन पत्रुसको दाजु अन्द्रियास थिए ।

४१. उनले पहिले आफ्ना भाइ शिमोनलाई पाए र तिनलाई भने कि हामीहरुले मसीहालाई अर्थात खीष्टलाई पायौं ।

४२. त्यसपछी उनले तिनलाई येशूककहाँ लगे अनि येशूले उनीमाथी नजर गरेर भन्नुभयो कि तिमी योनाको छोरा शिमोन हौ तिमी केफास नामले बोलाईनेछौ जस्का अर्थ ढुँगा हो (।

४३. त्यसैदिन येशूले गालिलिमा पस्न चाहनुभयो अनि फिलिपलाई भेट्नु भयो र उनलाई भन्नुभयो कि मेरो पछी आऊ ।

४४. अब फिलिप बेथेस्दा अन्द्रियास र पत्रुसका शहरका थिए ।
४५. फिलिपले नथानिएललाई पाए र उनलाई भने व्यवस्थामा मोशाले जस्का विषयमा लेखे र भविष्यवक्ताहरुलेपनि लेखे, अर्थात योसेफको पुत्र नासरततको येशू उहाँलाई हामीले पायौं ।
४६. नथानिएलले उनलाई भने कि के केही असल कुरा नासरतदेखि आउन सक्छ र ? फिलिपले उनलाई भने कि आऊ र हेर ।
४७. येशूले आफुकहाँ नथानिएललाई आउँदै गरेका देख्नुभयो र उनका विषयमा भन्नुभयो कि साँचै एयटा ईस्राएली, जसमा कुनै छल छैन ।
४८. नथानिएलले उहाँलाईै भने कि तपाईले कहाँदेखि मलाई जान्नुहुन्छ ? येशूले जवाफ दिनुभयो र उनलाई भन्नुभयो कि तिमीलाई फिलिपले बोलाउन अघी तिमी जब अञ्जिरका रुखका मुनी थियौ तब मैले तिमीलाई देखें ।
४९. नथानिएलले जवाफ दिए र उहाँलाई भने कि हे रब्बी तपाई ईश्वरको हुनुहुन्छ तपाई ईस्राएलका राजा हुनुहुन्छ ।
५०. येशूले जवाफ दिनुभयो र तिनलाई भन्नुभयो कि मैले तिमीलाई अञ्जिरका रुखका मुनी देखें कुरा भन्नाले तिमी के मेरो कुरा माथि विश्वास गर्दछौ ? तिमी यी भन्दा ठूला कामहरु देख्नेछौ ।
५१. अनि उहाँले उनलाई भन्नुभयो कि म तिमीहरुलाई साँचै साँचै भन्छु कि यसपछि तिमीहरु स्वर्गलाई खोला र ईश्वरका दूतहरुलाई मानिसका पुत्र माथि चढिरहेका र झरिरहेका देख्नेछौ ।

## २ अध्याय

१) अनि तेसरो दिन गालिलिको कानामा विवाह थियो र येशूको आमा त्यहाँ हुनुहुन्थ्यो ।
२. अनि येशू र उहाँका शिष्यहरु विवाहमा बोलाईएका थिए ।
३. अनि जब उनिहरुलाई दाखमद्यको आवश्यकता पऱ्यो येशूको आमाले उहाँलाई भनीन कि उनीहरुसगं दाखमद्य छैन ।
४. अनि येशूले उनीहरुलाई भन्नुभयो कि हे स्त्री, तपाईसित मलाई के काम मेरो समय ओीहले आएको छैन ।
५. उहाँकी आमाले चाकरहरुलाई भनीन् कि उहाँले जे भन्नुहुन्छ त्यो तिमीहरु गर ।
६. अनि त्यहाँ यहूदिहरुलाई पवित्र गर्ने रीतिका अनुत्योर ढुङ्गाका छ वटा घ्याम्पाहरु थिए, हरेक घ्याम्पामा दुई वा तिन मुरी अटाउँथ्यो ।
७. येशूले उनीहरुलाई भन्नुभयो कि घ्याम्पा पानीले भर, अनि उनीहरुले मुखसम्मै भरे ।
८. अनि उहाँले उनीहरुलाई भन्नुभयो कि अब निकाल र भोजका मुखियाकहाँ लैजाऊ अनि उनीहरुले लिएर गए ।
९.जब भोजका मुखियाले त्यो पानिलाई चाखे जो दाखमद्य बनेको थियो र त्यो कहाँदेखि हो त्यो थाहा गरेनन् तर पानि बोक्ने चाकरहरुलाई थाहा थियो तब भोजका मुखियाले बेहुलालाई बोलाए ।
१०. र त्यसलाई भने कि सबै मानिसले पहिला असल दाखमद्य दिन्छ र मानिसहरुले धेरै पिएपछी घटीया दिन्छन्, तर तपाईंले अहिलेसम्म असल दाखमद्य राख्नुभयो ।
११. येशूले यो प्रथम अचम्मका काम गालिलिका कानामा गर्नुभयो र आफ्नो महिमा प्रकट गर्नभयो र उहाँका शिष्यहरुले उहाँमाथी विश्वास गरे ।

१२. यसपछी उहाँ र उहाँकी आमा र भाइ र उहाँका शिष्यहरु कफरनहुममा गए र त्यहाँ धेरै दिन रहेनन् ।
१३. अनि यहूदिहरुका निस्तार चाड नजिकै आएको थियो र येशू माथि येरुशलेममा जानुभयो ।
१४. अनि मन्रिमा गोरुहरु, र भेडाहरु, र परेवा बेच्नेहरुलाई र सराफिहरुलाई बसिरहेको देख्नुभयो ।
१५.र मसिनो डोरीले चावुक बनाएर उहाँले मन्दिर देखि उनिहरु सबैलाई र भेडाहरुलाई र गाइहरुलाई बाहिर लखाटनुभयो र सराफिहरुको रुपियाहरुलाई फालीदिनुभयो उ मेजहरुलाईलाई पल्टाइदिनुभयो ।
१६. उ परेवा बच्नेहरुलाई भन्नुभयो कि यी थोकहरुलाई यहाँदेखि लैजाउ मेरा पिताका घरलाई व्यापारको घर नबनाओ ।
१७. अनि उहाँका शिष्यहरुले याद गरे कि यत्यो लेखिएको थियो कि तपाईंको घरको व्याकुलताले मलाई खाइहाल्यो ।
१८. अनि यहूदिहरुले जवाफ दिइएर उहाँलाई भने तँ हामीलाई के चिन्ह देखाउदछस कि तँ यी कामहरु गर्छस ।
१९. येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो कि यो मन्दिरलाई भत्काऊ र तिन दिनमा म यस्लाई फरि उठाउनीहरुेछु ।
२०. यहूदिहरुले भने कि यो मन्दिरलाई उठाउनीहरुमा छयालिस वर्ष लाग्यो अनि तँ कसरी तीन दिनमा यस्लाई उठाउछस् ।
२१. तर उहाँले आफ्नो शरिरको मन्दिरको बारेमा भन्नुभएको थियो ।
२२. यसैले जब उहाँ मृत्युदेखि उठनुभयो तब उहाँका शिष्यहरुले याद गरे कि उहाँले उनीहरुलाई यो कुरा भन्नुभएको थियो अनि उनीहरुले धर्मशाश्त्रलाई र येशूले जे भन्नुभएको थियो ति कुराहरुलाई पनि विश्वास गरे ।
२३. अनि उहाँ निस्तार चाडका समय येरुशलेममा हुँदा चाडका समय धेरैले उहाँले गरेका आचम्मका कामहरुलाई देखेर उहाँको नाम माथि विश्वास गरे ।
२४. तर येशूले उनीहरुका भरेत्योमा आफुलाई छोडनुभएनीहरु किनकि उहाँले सबैलाई जान्नुहुन्थ्यो ।
२५. अनि कसैले मानिसको विषयमा त्योक्षी दिनु उहाँलाई आवश्यक थिएनीहरु, किनकि मानिसमा के छ त्यो उहाँले जान्नुहुन्थ्यो ।

## ३. अध्याय

१. फारिशिहरुका माफमा एक जना यहूदिहरुका शासक थिए जसको नाम निकोदेमसथियो ।
२. उनीहरी रातमा येशूकाकहाँ आए र उहाँलाई भने हे रव्वी हामी जान्दछौ कि तंपाई ईश्वरदेखि आएको एक शिक्षक हुनुहुन्छ किनकि ईश्वर साथमा रहनूभएन भने कोही मानिसले ती कामहरुलाई गर्न सक्दैनन् जुन आश्चर्य काम तंपाई गर्नुहुन्छ ।
३. येशूले जवाफ दिनुभयो र उनीहरुलाई भन्नुभयो कि साँचै साँचै म तिमीलाई भन्छु कि यदि मानिस पुनः जन्मेन भने ऊ ईश्वरका राज्यलाई देख्न सक्दैन ।
४. निकोदेमसले उहाँलाई भने कि मानिस बुढा भएपछि कसरी जन्मन सक्छ ? उ के अर्को पल्ट आफ्नी आमाको पेटमा पसेर जन्मन सक्छ र ?
५. येशुले जवाफ दिनुभयो र भन्नुभयो साँचै साँचै म तिमीलाई भन्दछु कि यदि कोहि मानिस पानी देखि र आत्मा देखि जमेन भने ऊ ईश्वरका राज्यलाई देख्न सक्दैन ।

६. जो शरिर देखि जन्मन्छ त्यो शरिरको हो र उ जो आत्मादेखि जन्मन्छ त्यो आत्माको हो ।
७. मैले तिमीलाई पुनः जन्मन अवश्यक छ भनेकोमा आश्चर्य नमान ।
८. बतास जहाँ चाहन्छ त्यहाँ बहन्छ अनि तिमी त्यस्को स्वर सुन्दछौ तर जान्दैनौ कि त्यो कहाँदेखि आउँछ र कहाँ जान्छ, यस्तै आत्मादेखि जन्मेका हर मानिस हुन्छ ।
९. निकोदेमसले जवाफ दिए र उहाँलाई भने कि यो कसरी हुन सक्छ ?
१०. येशूले जवाफ दिनुभयो र उनीहरुलाई भन्नुभयो तिमी के यहूदिहरुको एक शिक्षक भएर यो जान्दैनौ ?
११. म तिमीलाई साँचै साँचै भन्दछु कि हामी जो जान्दछौं त्यो भन्दछौं, अनि जे देख्छौं उस्को गवाही दिन्छौं, अनि तिमी हाम्रो गवाही स्वीकार गर्दैनौ ।
१२. यदि मैले तिमीलाई संसारका कुरा भन्छु र तिमी विश्वास गर्दैनौ, अनि जब म स्वर्गका कुरा तिमीलाई भन्छु तब कसरी तिमी विश्वास गरौला ।
१३. अनि जो स्वर्गदेखि आयो, अर्थात मानिसको पुत्र उस्‌विना कोही मानिस स्वर्गमा चढेन, जो स्वर्गमा छ ।
१४. अनि मोशाले उजाडस्थानमा जसरी साँपलाई उठाए त्यसरी नै मानिसका पुत्र उठाइ जानु आवश्यक छ ।
१५. हरेक मानिस जस्ले उहाँमाथि विश्वास गर्दछन् त्यो नाश नहोस् तर अनन्त जीवन पाओस् ।
१६. किनकि ईश्वरले संसारलाई यति प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो ताकि हरेक मानिस जस्ले उहाँमाथि विश्वास गर्दछन्, नाश नहोउन तर अनन्त जीवन पाऊन् ।
१७. किनकि संसारलाई दोषी ठहराउनका लागि होइन, तर संसार उहाँद्वारा बाँचोस् भनेर ईश्वरले आफ्ना पुत्रलाई संसारमा पठाउनु भयो ।
१८. जस्ले उहाँमाथि विश्वास गर्छ त्यो दोषी ठहरीदैन, तर जस्ले विश्वास गर्दैन उ दोषी ठहरीएको छ, किनकि उस्ले ईश्वरका एकमात्र जन्माइएको पुत्रको नाम माथी विश्वास गरेन ।
१९. अनि यो दोष हो, कि संसारमा ज्योति आयो तर मानिसहरुले अंध्यारोलाई रोजे किनकि उनीहरुका कामहरु दुष्ट थिए ।
२०. किनकि हरेक जस्ले दुष्ट काम गर्छ, उस्ले ज्यातिलाई तुच्छ ठान्दछ, न ता ऊ ज्योतीमा आउँछ, नत्रता उस्को कामको लागी हप्काइनेछ ।
२१. तर जो कोहिले सत्य काम गर्दछ, त्यो मानिस काम प्रकट गर्नका लागि ज्योतिमा आउँदछ, किनकि त्यसको काम ईश्वरमा गरिएका हुन्छन् ।
२२. त्यसपछि येशू र उहाँका शिष्यहरु यहूदिया देशमा गए अनि उहाँले त्यो ठाँउमा उनीहरुसगँ वास गर्नुभयो र बप्तिष्मा दिनुभयो ।
२३. अनि यूहन्ना शलेमको नजिकै आइनन्‌मा बप्तिष्मा दिइरहेका थिए, किनकि त्यहाँ धेरै पानी थीयो अनि तिनीहरु आउँथे र बप्तिष्मा लिन्थे ।
२४. किनभने यूहन्ना त्यससमयसम्म अझै कैदमा परेका थिएनन् ।
२५. त्यस समय पवित्र गर्ने विषयमा यूहन्नाका कति शिष्यहरु बिच वादविवाद चल्यो ।
२६. अनि उनीहरु यूहन्नाकहाँ आएर उनीहरुलाई भने कि हे रव्वी यर्दनका पारि जो तँपाईकहाँ हुनुहुन्थ्यो जस्को त्योक्षी तँपाईले दिनुभयो हेर्नुहोस् उहाँले बप्तिष्मा दिनुहुन्छ अनि सव मानिस उहाँकहाँ आउदछन् ।

२७. यूहन्नाले जवाफ दिएर भने यदि स्वर्गदेखि नदिइएको भए तब कसैले पनि केहि पाउनीहरु सक्दैन ।
२८. मैले जे कुराहरु भने तिमीहरु मेरा त्योक्षी दिन्छौ, म खीष्ट होइन तर उहाँको प्रथम पठाइएको हुँ ।
२९. जस्ले दुलही पाउँछ त्यो दुलहा हो तर दुलहका साथि जो दुलहा कहाँ खडा भएर दुलहका कुरा माथि धेरै खुशी हुन्छ, यसकारण यो मेरा आनन्द पूरा भएको छ ।
३०. उहाँ अवश्य बढ्नुपर्छ, तर म घट्नुपर्छ ।
३१. जो माथिदेखि आउछ त्यो सबैभन्दा माथी छ, जो संसारको हो त्यसले संसारको कुरा गर्छ, जो स्वर्गदेखि आँछ त्यो सबैभन्दा माथी छ ।
३२. अनि जे उहाँले देख्नुभयो र सुन्नुभयो त्यसको गवाही उहाँ दिनुहुन्छ तर कोहीपनि उहाँको त्योक्षी ग्रहण गर्दैनन् ।
३३. जतिले उहाँको गवाहीलाई ग्रहण गरे उहाँले तिनीहरुमाथि मोहर लगाइएको छ कि ईश्वर सत्य हुनुहुन्छ ।
३४. किनकि जस्लाई ईश्वरले पठाउनुभयो  उहाँले ईश्वरका कुरा गर्नहुन्छ किनकि ईश्वरले उहाँलाई नाप गरेर आत्मा दिनुहँदैन ।
३५. पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ र उहाँको हातमा सबै सुम्पनु भएको छ ।
३६. जस्ले पुत्रमा विश्वास गर्दछ उस्ले अनन्त जीवन पाउँछ, अनि जस्ले पुत्रमाथि विश्वास गर्दैन उस्ले जीवन देख्दैन तर ईश्वरको क्रोध त्यसमाथि रहनछ ।

## ४ अध्याय

१. जब प्रभुले थाहा पाउनुभयो, कि फारिशिहरुले सुनेछन्, कि येशू यूहन्नाले भन्दा बढता शिष्य गराउनुभयो र बप्तिष्मा दिनुभयो ।
२. हुन ता येशूले आफुले बप्तिष्मा दिनुभएको थिएन तर उहाँका शिष्याहरुले दिन्थे ।
३. तब उहाँ यहूदिया छाडेर फेरि गालिलि जानुभयो ।
४. अनि उहाँ सामरिया देखि भएर जान आवश्यक थीयो ।
५. तब उहाँ याकुबले आफ्ना पुत्र यूसुफलाई दिइएको त्यो जमिनको नजिक सुखार नाम भएको त्योमरियाको एक शहरमा उहाँ आउनुभयो ।
६. याकुबको कुवा त्यो ठाँउमा थीयो यसकारण येशू जाँदा थाकेर उसै कुबा माथी बस्नुभयो यो छैठौँ घण्टाको समय भएको थियो ।
७. त्योमरियाकी एक स्त्री पानी भर्न आइ, येशूले उनीहरुलाई भन्नुभयो, मलाई पीउनीहरु पानी देऊ ।
८. किनभने उहाँका शिष्यहरु खानाको चीज किन्न भनेर शहरमा गएका थिए ।
९. तब सामरि स्त्रीले उहाँलाई भनीन कि, म सामरि स्त्री, तपाई यहूदी भएर मसित पानि माग्नुहुन्छ? यो कसरी हुनसक्छ, किनकि त्योमरिहरुका त्योग यहुदीहरुका केही व्यवहार छैन ।

१०. येशूले जवाफ दिएर उनीहरुलाई भन्नुभयो, कि यदि तिमी ईश्वरका दान के हो जान्द थियौ भने अनि जसले मलाई पिउनीहरु देऊ भन्यो, त्यो को हो यो पनि जान्द थीयौ भने, तब तिमी त्यो त्योग माग्ने थीयौ अनि उस्ले तिमीलाई अमृत पानि दिन्थ्यो ।
११. त्यस् स्त्रीले उहाँलाई भनीन कि महोदय, पानी भर्नलाई तपाईसगं भाडा छैन, कुवापनि गहिरो छ तब तपाईले त्यो अमृत पानी कहाँ देखि पाउनुहुन्छ ।
१२. तपाई के हामीहरुका पिता याकूब भन्दा ठूलो हुनुहुन्छ कि जसले हामीहरुलाई कुवा बनाइ दिनुभयो अनि आफु र उहाँका सन्तानहरु अनि उहाँका जंतुहरुले यस्बाट पानी पीए ?
१३. येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो कि जो कोहीले यो पानी पिउँछ त्यो फेरी तिर्खाउनीहरुेछैन ।
१४. तर जुन पानी म दिन्छु त्यो पानी कसैले पिइयो भने कहिल्यै तिर्खाउनेछैन तर जुन पानी म उसलाई दिन्छु त्यसले ऊ भित्र अनन्त जीवनका निम्ति उर्मिरहने पानिको मुल बन्नेछ ।
१५. त्यस स्त्रीले उहाँलाई भनी कि महोदय त्यो पानी मलाई दिनुहोस् ताकि म न तिर्खाउ र यहा पानी भर्न नआँउ ।
१६. येशूले उनीहरुलाई भन्नुभयो कि जाऊ आफ्ना पतिलाई बोलाएर यहाँ आऊ ।
१७. स्त्रीले जवाफ दिएर भनीन कि मेरा पति छैन, येशूले उनीहरुलाई भन्नुभयो तिमीले त्योँच्चै भन्यौ कि मेरा पति छैन ।
१८. किनकि तिम्रो पाँच पतिहरु थिए अनि तिमी अब जो संग बस्छौ त्यो तिम्रो पति हौइन, यसैले साँच्चै कुरा भन्यौ ।
१९. त्यस स्त्रीले उहाँलाई भनीन कि महोदय म थाहा पाउँछु कि तपाई भविष्यवक्ता हुनहुन्छ ।
२०. हामीहरुका पितृहरुले यस पहाडमा आराधना गरे तर तपाईं भन्नुहुन्छ कि जुन ठाँउमा मानिसलाई आराधना गर्न आवश्यक छ त्यो ठाँउ येरुशलेम हो ।
२१. येशूले उनीहरुलाई भन्नुभयो कि हे स्त्री मेरा कुरामाथि विश्वास गर त्यो समय आँउदैछ जुन समयमा तिमी न यो पहाड माथि न येरुशलेममा पितालाई आराधना गर्छौ ।
२२. तिमी जान्दैनौ कि कस्को आराधना गर्दछौ, हामी जादछौ कि कस्को आराधना गर्छौं, किनकि यहूदीहरुदेखि मुक्ति आउँछ ।
२३. तर सत्य आराधकहरुले त्यो समयमा आत्मामा अनि सच्चाईमा पिताको आराधना गर्नेछन् त्यो समय नजिकै आँउदैछ, र अहिले हो, किनकि आफ्नो आराधना गर्नेहरुलाई पिताले रुचाउनुहुन्छ ।
२४. ईश्वर एक आत्मा हुनुहुन्छ, र जस्ले उहाँको आराधना गर्दछन उनीहरुले आत्मा र सच्चाईले उहाँको आराधना गर्न आवश्यक छ ।
२५. त्यस स्त्रीले उहाँलाई भनीन, हामी जान्दछौ कि मसीहा आउनुहुन्छ जसको नाम खीष्ट हो, उहाँ आएर सबै कुरा हामीहरुलाई बताउनुहुनेछ ।
२६. येशूले उनीहरुलाई भन्नुभयो कि म उहि हो, जो तिमीसंग कुरा गर्दैछु ।
२७. अनि त्यो समय उहाँका शिष्यहरु आएर आश्चर्य माने कि उहाँ त्यस स्त्रीसगं कुरा गर्दैहुनुहुन्थ्यो तर कसैले किन तपाईं के खोज्दैहुनुहुन्छ? वा किन उनीहरुीसंग कुरा गर्दैहुनुहुन्छ? त्योधेनन् ।
२८. तब त्यस स्त्रीले गगरो छाडेर शहरमा गई अनि मानिसहरुलाई भनी,
२९. कि आऊ एक जनालाई हेर कि जसमा जो काम मैले कनै समयमा गरेको थिएँ त्यो सबै काम मलाई भन्नुभयो उहाँ के खीष्ट हुनुहुन्न र?
३०. यसकारण उनीहरुका शहरका बाहिर गएर उहाँका आए ।

३१. त्यस समय उहाँका शिष्यहरुले उहाँ त्योग प्राथना गर्दै भने हे रब्बी खानुहोस् ।
३२. तर उहाँले उनीहरुलाई भन्नुभयो कि मेरो खाना छ कि जो तिमीहरु जान्दैनौ ।
३३. यसकारण शिष्यहरुले आपसमा भने, कि कसैले केही खानाको वस्तु उहाँ कहाँ ल्याएछ कि ?
३४. येशूले उनीहरुलाई भन्नुभयो कि जस्ले मलाई पठाउनुभयो उहाँको इच्छा गर्न र उहाँका काम पूरा गर्नु नै मेरौ खाना हो ।
३५. तिमीहरु भन्दैनौ कि अरु चार महीनापछी उब्जनी काट्ने बेला हुन्छ हेर तिमीहरुलाई म भन्दछु कि तिमीहरुको आँखा उठाएर खेतमाथि हेर किनकि अब त्यो उब्जनी काट्नलाई सेतो भएको छ ।
३६. अनि जतिले उब्जनी काट्दछन् उनीहरुले ज्याला पाँउछन्, र अनन्त जिन्दगीमा वाली बटुल्छन्, ताकि उही छर्नेवाला अनि बाली काट्नेवाला दुवै खुशी हुनेछन् ।
३७. अनि यो पनि कुरा त्योँचो छ, कि एक जनाले बीउ छर्दछ र अर्कोले उबजनी काट्दछ ।
३८. जहाँ तिमीहरुले केही मेहनत गरेननै त्यहाँ उब्जनी काट्नलाई मैँले तिमीहरुलाई पठाएँ, अनि मानिसहरुले काम गरे र तिमीहरु उनीहरुका काममा पस्यौ ।
३९. जस्ले यो प्रमाण दियो कि मैले जो काम कुनै वेलामा गरेको थिए त्यो सब काम उहाँले मलाई भन्नुभयो, स्त्रीका यो कुरादेखि त्यस शहरका धेरै त्योमरिहरुले विश्वास गरे ।
४०. त्यसकारण त्योमरिहरु उहाँकहाँ आएर आफु त्योग रहनलाई उहाँलाई विन्ती गरे । अनि उहाँ दुइ दिन त्यहाँ रहनुभयो ।
४१. अनि अरु धेरैले उहाँको आफ्नै कुराले विश्वास गरे ।
४२. अनि त्यस स्त्रीलाई भने कि अब हामि विश्वास गर्दछौँ, तिम्रो कुराद्धारा होइन, किनकि हामीले आफैले उहाँलाई सुनेका छौं, र थाहा पायौं कि उहाँ संसारको मुक्तिदाता र ख्रीष्ट हुनुहुन्छ ।
४३. अनि दुइ दिन पछी उहाँ त्यो ठाँउ छाडेर गालिलि जानुभयो ।
४४. किनकि येशू आफैले प्रमाण दिनुभयो कि भविष्यवक्तालाई आफ्ना` देशमा आदर छैन ।
४५. त्यसपछी जब उहाँ गालिलिमा आउनुभयो, गालिलिहरुले आदरले उहाँलाई स्वागत गर, जो काम उहाँले येरुशलेममा चाडको वेला गर्नुभएको थियो, उनीहरुले उहाँको काम देखेका थिए, किनकि उनीहरु पनी चाडमा गएका थिए ।
४६. यहाँ पछी येशू गालिलिका कानामा फेरि जानुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनु भएको थियो, अनि त्यहाँ एक जना ठूलो मानिस थिए, जसको पुत्र कफरनहुममा बिरामी थियो ।
४७. उनीहरुले जब सुने कि येशू यहुदा देशदेखि गालिलिमा आउनुभयो, तब उहाँकहाँ गएर उहाँलाई विन्ती गरे कि उहाँ त्यस ठाँउ गएर उनीहरुीकहाँ गएर उनीहरुको पुत्रलाई निको पारिदिनु भएको होस्, किनकि ऊ मुर्दा जस्तै भएको थियो ।
४८. येशूले उनीहरुलाई भन्नुभयो कि तिमी चिन्ह र आश्चर्य काम देखे विना विश्वास गर्दैनौ ।
४९. त्यस बडा मानिस्ले उहाँलाई भने कि महोदय, तल आउनुहोस्, मेरा पुत्र नमरोस् ।
५०. येशूले उनीहरुलाई भन्नुभयो कि जाऊ तिम्रो छारा जिउँदो छ, तब जे कुरा येशूले उनीहरुलाई भन्नुभयो ति कुरा माथी उनीहरुले विश्वास गरे ।
५१. उनीहरुी तल जांदा उनीहरुका चाकरले उनीहरुीत्योग भेटे र भने कि तपाईंको पुत्र जिउँदो छ ।
५२. तब उनीहरुले त्योधे कि कति वेलादेखि सुधार भयो उनीहरुले उनीहरुलाई भने हिजो त्योतौं घण्टा देखि ज्वरोले उहाँलाई छाड्यो ।
५३. अनि पिताले थाहा पाए कि जुन घडी येशूले उनीहरुलाई भन्नु भएको थियो कि तेरो पुत्र जिँउदो छ त्यही घडी थियो । उही त्यसकारण उनीहरुले र उनीहरुका घरका सबैले विश्वास गरे ।

५४. येशूले फेरि यहूदा देशदेखि गालिलिमा आएर यो अर्को आश्चर्य काम गर्नुभएको थियो ।

## ५ अध्याय

१. अनि यहूदिहरुको एक चाड थियो अनि येशू येरुशलेममा जानुभयो ।
२. येरुशलेमको भेडा बजारमा हिब्रु भाषामा बेथेस्दा नामको एक पोखरी छ, त्यस पोखरीका पाँच घाट थिए ।
३ त्यसमा निसहाय व्यक्ति, अंधा, लंगडा, र धेरै रोगीहरु पानी छल्कनको अपेक्षा गरेर बसिरहेका थिए ।
४. किनकि बेला बेला एक दूत पोखरीमा झरेर पानी हल्लाएपछि पछी जो कोही प्रथम झरथ्यो त्यसको जो कोही किसिमको रोग हुन्थ्यो त्यो त्यस रोगदेखि निको हुन्थे ।
५. त्यस ठाँउमा अठतीस वर्षदेखि रोग भएको एक जना थियो ।
६. येशूले त्यसलाई सुतेको दखेर, अनि यो पनि जो धेरै दिनदेखि रोगी थियो यो जानेर भन्नुभयो कि तिमी के निको हुन चाहान्छौ ।
७. त्यस रोगी मानिसले जवाफ दिएर उहाँलाई भने कि महोदय, जब पानी हल्लन्छ त्यस बेला पोखरीमा मलाई झार्नलाई मेरा कोही छैन अनि म आफु जांदा अरु कोही मेरा अघी झर्दछ ।
८. येशूले त्यसलाई भन्नुभयो उठ र आफ्ना ओछ्यान उठाएर हिँड ।
९. अनि उत्तिखेरै त्यो मानिस निको भयो र आफ्नमे ओछ्यान उठाएर हिँड्यो, त्यो दिन शबाथको दिन थियो ।
१०. त्यसकारणले त्यो व्यक्तिलाई जो निको भएको थियो त्यसलाई यहूदिहरुले भने कि यो शबाथको दिन हो तिमीले ओछ्यान बोक्न उचित होइन ।
११. त्यसले उनीहरुलाई जवाफ दियो, जस्ले मलाई निको पार्नुभयो उहाँले मलाई भन्नुभयो कि ओछ्यान उठाएर हिँड ।
१२. त्यसपछी उनीहरुले त्यसलाई त्योधे कि त्यो मानिस को हो जस्ले तिमीलाई भन्यो कि तिम्रो ओछ्यान उठाएर हिँड ।
१३ जो निको भएको थियो उस्ले जान्दैन कि उहाँ को हुनुहुन्छ, किनकि धेरै मानिस त्यस ठाँउमा रहनाले येशूले त्यो ठाँउ छाडेर जानु भएको थियो ।
१४. त्यस पछी येशूले त्यसलाई मन्दिरमा देखेर भन्नुभयो कि हेर तिमी निको भएका छौ, अरु केही पाप नगर नत्रता त्यस भन्दा बढता तिम्ो दुर्दशा हुनेछ ।
१५. त्यस मानिसले गएर यहूदिहरुलाई भने कि जस्ले त्यसलाई निको पार्नुभएको थियो उहाँ येशू हुनुहुन्छ ।
१६. त्यसकारण यहूदिहरुले येशूको सताए र मारीहाल्न खोजे किनकि उहाँले शबाथको दिनमा यो काम गर्नुभएको थियो ।
१७. तर येशूले तिनीहरुलाई जवाफ दिनुभयो कि मेरा पिता आजसम्म काम गर्नुहुन्छ र म पनी गर्दछु ।
१८. त्यसकारणले उहाँलाई यहूदिहरुले अझ मारिहाल्न खोजे किनकि उहाँले मात्र शबाथलाई आदर गर्नुभएको थिएनेतर आफुलाई ईश्वरका बराबर गरेर भन्नुभएको थियो कि ईश्वर उहाँका पिता हुनुहुन्छ ।

१९. अनि येशूले जवाफ दिएर उनीहरुलाई भन्नुभयो कि मैले तिमीहरुलाई साँचै साँचै भन्छु कि पुत्र पितालाई जो काम गर्दा देख्यो त्यो काम बाहेक आफ्ना पौरखले केही गर्न सक्तैन किनकि जो काम उहाँ गर्नुहुन्छ पुत्रपनी त्यही काम आफु गर्दछ ।
२०. त्यो सबै त्यसलाई देखाउँछ त्यो त्यसलाई पनी ठूला काम पनी उसलाई देखाँउछ त्यो त्यसलाई पनी ठुला कामपनी त्यसलाई देखाउनुहुनेछ कि तिमीहरु आश्चर्य मान ।
२१. जस्तै पिता मुर्दाहरुलाई उंठाउनुहुन्छ उ बचाउनु हन्छ तस्तै पुत्रपनी जस्लाई चाहोस् त्यसलाई वचाँउदछ ।
२२. कनकि पिताले कसैको पनी विचार गर्नुहुँदैन तर सबै विचार पुत्रलाई सुंपनु भएको छ ।
२३. कि सबै जना जस्तै पिताको आदर गर्दछन् पुत्रको त्यस्तै आदर गरुन जो कोही पुत्रको आदर गर्दैनन् त्यो पिताको पनी आदर गर्दैनन् कि जस्ले उहाँलाई पठायो ।
२४. साँचै साँचै म तिमीहरुलाई भन्दछु कि जो कोही मेरा कुरा सुनीकन जस्ले मलाई पठायो त्यसमाथी विश्वास गर्दछ त्यसले अनन्त जीवन पाउँछ अनि त्या दंडमा पर्नेछैन तर मृत्युबाट जीवनमा सर्नेछ ।
२५. म तिमीहरुलाई साँचै साँचै भन्दछु कि त्यो बेला आँउछ अहील`पनी हो जब मरेको मानिस ईश्वरका पुत्रको शब्द सुन्न पाउनीहरुेछन् अरु जस्ले सुन्नेछन् उनीहरु बाच्नेछन् ।
२६ किनकि जस्तै पिता आफैमा जीवन छ त्यस्तै पुत्रलाई पनी आफैमा जीवन हुनलाई दिनुभएको छ ।
२७. अरुपनी त्यसलाई न्याय गर्ने अधिकार दियो किनकि उहाँ मानिसको पुत्र हुनुहुन्छ ।
२८. आश्चर्य नमान किनकि त्यो समय आउँदैछ कि जस्मा जति जना चिहानमा छन् उनीहरु सबै उहाँका शब्द सुन्नेछन् र बाहिर आउनेछन ।
२९. अनि असल काम गर्नेहरु जीउनका लागी तर जस्ले दुष्ट काम गर्‍यो उनीहरु दंडमा भोग्नका लागी बौरेर निस्कनेछन् ।
३०. म आफैले केही गर्न सक्दिन, म जस्तो सुन्दछु त्यस्तै न्याय गर्दछु, अनि मेरो न्याय असल छ, किनकि म आफ्नै ईच्छा चाहा गर्दिन तर पिताको जस्ले मलाई पठाउनुभयो उहाँको ईच्छा चाहा गर्न खोज्दछु ।
३१ यदि म आफ्नै विषयमा गवाही दिए भनेँ मेरा गवाही साँचो हुँदैन ।
३२. मेरो विषयमा दिने अर्को छ, र मलाई थाहा छ जुन गवाही उस्ले मेरो विषयमा दिन्छ, त्यो साँचो हो ।
३३. तिमीहरुले यूहन्नाकहाँ पठायौ, अनि उनीहरुले सत्यको निम्ति गवाही दिए ।
३४. म मानिस देखि गवाही लिंदैन, तर म यी कुराहरु भन्छु कि तिमीहरु बाँच्न सक ।
३५. त्यो एक उज्यालो र तेजयुक्त प्रकाश थीयो अनि त्यसको उज्यालोमा केही दिन आनन्द गर्नलाई तिर्मीरु खुशी थीयौ ।
३६. तर म कहाँ यूहन्नाको भन्दा ठूलो गवाही छ, किनकि पुरा गर्नलाई पिताले जो
कामहरु मलाई दिनुभएको थियो र जो काम म गर्दछु उही काम मेरो हकमा गवाही दिन्छन् कि पिताले मलाई पठाउनु भएको हो ।
३७. पिता कि जस्ले मलाई पठाउनुभयो उहाँले आफै मेरा हकमा गवाही दिनुभयो तिमीहरुले उहाँको शब्द कहिल्यै सुनेनौ, न उहाँको मूर्ति कहिल्यै देख्यौ ।

३८. उहाँका कुरापनी तिमीहरुका माझमा छैनन् किनकि जस्लाई उहाँले पठाउनुभयो त्यसमाथी तिमीहरुले विश्वास गर्दैनौ ।
३९. धर्मग्रन्थ खोज किनकि तिमीहरु बुझ्दछौ कि त्यसमा तिमीहरु अनन्त जीवन पाउला, यो पनी त्यही हो कि जस्ले मेरो विषयमा गवही दिन्छ ।
४०. तर जीउनका लागी तिमीहरु मकहाँ आउनीहरु चाहदैनौ ।
४१. म मानिसदेखि आदर लिदैन ।
४२. तर म तिमीहरुलाई जान्दछु कि तिमीहरुकामा ईश्वरका प्रेम छैन ।
४३. म आफ्नो पिताका नामले आएँ अनि तिमीहरुले मलाई ग्रहण गरेनौ यदि अरु कोही आफ्नो नामले आवस् तब त्यसलाई तिमीहरुले ग्रहण गरौला ।
४४. तिमीहरु एकअर्काबाट आदर लीन्छौ, र जो आदर ईश्वरदेखि मात्र आउँदछ त्यो आदर खोज्दैनौ, भने तिमीहरु कसरी विश्वास गर्न सक्तछौ?
४५. नसोच कि म पिताकहाँ तिमीहरुको दोष लगाउला तिमीहरुलाई दोष दिनेवाला एकजना छ, उही मोशा कि जस्माथी तिमीहरु विश्वास गर्दछौ ।
४६. तिमीहरु मोशा माथी यदि विश्वास गर्दा हौ त मलाई पनि विश्वास गर्‍थ्यौ, किनकि उनीहरुले मेरो विषयमा लेखे ।
४७. तर यदि तिमी उनीहरुका लेखा विश्वास गर्दैनौ, तव मेरा कुरामा कसरी विश्वास गरौला ।

## ६ अध्याय

१. यहाँपछी येशू गालिलिको अर्थात कि तिबेरियसक समुद्रं पार गर्नुभयो ।
२. तब उहाँले जो आश्चर्य काम ती बिरामी मानिसहरुका माथी गर्नुभएको थियो, उहाँको त्यो काम देखेर ठुलो भिड उहाँको पछी आयो ।
३. अनि येशू एक पहाड माथी गएर शिष्यहरुकहाँ बस्नुभयो ।
४. अनि यहूदिहरुका चाड, निस्तार चाड नजिकै थियो ।
५. येशूले उभौ नजर गरेर आफुकहाँ ठुलो भिड आँउदैछ यो देखेर फिलिपलाई भन्नुभयो कि यी सबैका खानाका लागी हामी रोटी कहाँ किनी ल्याउँला ।
६. उहाँले उनीहरुको परिक्षा लिनका लागी यस्यो भन्नु भएको थियो । किनकि आफु जे गर्नु थीयो त्यो जान्नु हुन्थ्यो ।
७. फिलिपले उहाँलाई जवाफ दिए कि दुई सय सिक्काको रोटीले उनीहरु हरेक मानिसले थोरै लिए पनि पुग्दैन ।
८. उहाँका शिष्यहरुमध्ये एकजना सिमोन पत्रुसका भाइ अन्द्रियासले उहाँलाई भने,
९. कि यहाँ एक केटो छ जस्कहाँ जौ को पाँचरोटी र दुइ माछा छन् तर यतिका मानिसहरुलाई त्यसले के होला ।
१०. येशूले भन्नुभयो कि मानिहरुलाई बसाल, त्यहाँ त्यस ठाँउमा धेरै घाँस थियो त्यसकारण उनीहरु सख्यामा पाँच हजार जना बसे ।
११. तब येशूले त्यो रोटी लिनुभयो र धन्यवाद दिइएर, हिस्सा गरेर शिष्यहरुलाई दिनुभयो र शिष्यहरुले बसेका मानिसहरुले जती चाहे उती रोटी र माछा उनीहरुलाई दिए ।

१२. उनीहरु तृप्त भएपछी उहाँले आफ्ना शिष्यहरुलाई भन्नुभयो कि बाकी झुर झार सबै बटूल कि केही खेर नहोस् ।
१३. त्यसकारण मानिसहरुले खाएपछी बाँकी बचेको सबै उनीहरुले जम्मा गरे र त्यही पाँचवटा जौ का रोटीका झुरझारले बाह्र डाला भरे ।
१४. ती मानिसहरुले येशूका यी आश्चर्यकाम देखिकन भने कि जो भविष्यवक्ता यस संसारमा आउनीहरु छ निश्चय यहाँ उहाँ नै हुनुहुन्छ ।
१५. जब येशूले जान्नुभयो कि मानिसहरु आएर बल गरेर उहाँलाई राजा गराउन तयार भएका छन् तब उहाँ फेरि एक्लै पहाड माथी जानुभयो ।
१६. अनि जब बेलुका उहाँका शिष्यहरु तल समुद्रका किनारा गए ।
१७. अनि नाव माथी चढीकन कफरनहुमका तिर समुद्रपारि जान लागे अनि अंध्यारो भएपछी पनि येशू उनीहरुकहाँ आउनुभएका थिएन ।
१८. त्यसवेला ठूलो बतास् चल्नाले समुद्र उर्लिन थाल्यो ।
१९. तब उनीहरु नाव खियाउदैं पाँच वा छ किलोमिटर गएका थिए, उनीहरुले येशूलाई समुद्रमाथी हिड्दै उनीहरुका नावतिर नजिकै आउँदै गरेको देखे त्यसैले उनीहरु डराए ।
२०. तर उनीहरुलाई उहाँले भन्नुभयो कि यो म हुँ न डराउ ।
२१. त्यसकारण उनीहरु खुशि भएर उहाँलाई नावमाथी लिए अनि जुन ठाँउ उनीहरु जान चाहेको त्यस ठाँउमा चाँडै पुगे ।
२२. दोस्रो दिन जो मानिसहरु समुद्रका पारि खडा थिए, उनीहरुले जब देखेको थिए कि जुन नावमाथी उहाँका शिष्यहरु गएका थिए त्यो बाहेक अरु नाव त्यस ठाँउमा थिएन र येशू आफ्ना शिष्यहरुका साथमा नावमा जानुभएको थिएन तर शिष्यहरु मात्र गएका थिए ।
२३. जुन ठाँउमा प्रभुले धन्यवाद गरेपछी उनीहरुले रोटी खाएका थिए त्यसठाँउ नेरा अरु नाव तिवेरियस्‌देखि आए ।
२४. जव मानिहरुले देखे कि न येशू न ता उहाँका शिष्यहरु त्यसठाउँमा थिए तब येशूको खोज गर्नाका लागी उनीहरु नावमाथी चढेर कफरनाहुममा आए ।
२५. तब उनीहरु समुद्रका अर्को पट्टि उहाँलाई भेटे र भने कि हे रव्वि तँपाई कहिले यहाँ आउनुभयो?
२६. येशूले जवापर दिएर उनीहरुलाई भन्नुभयो कि म तिमीहरुलाई साँचै साँचै भन्दछु कि त्यो आश्चर्य देख्नाले होइन तर रोटी खाएर तृप्ति भएर तिमीहरु मेरो खोज गर्दछौ ।
२७. विनाश हुनेवाला भोजनका लागी परिश्रम नगर तर जुन भोजन अनन्त जीवनसम्म रहोस् जो मानिसको पुत्रले तिमीहरुलाई दिनुहुनेछ त्यसका लागी परिश्रम गर किनभने ईश्वर पिताले उहाँलाई छाप लगाउनु भएको छ ।
२८. तब उनीहरुले उहाँलाई भने कि ईश्वरको काम गर्नलाई हामी के गरौं ।
२९. येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो जस्लाई उहाँले पठाउनुभयो त्यसमाथी विश्वास गर्नु, यो ईश्वरको काम गर्नु हो ।
३०. त्यसकारण उनीहरुले उहाँलाई भने तपाई के चिन्ह देखाउनुहुन्छ कि हामी देखेर विश्वास गरौं ? तपाई के गर्नु हुन्छ ?
३१. हामीहरुका पिता पुर्खाले मरुभुमिमा मन्ना खाए, कि जस्तै यो लेखिएको छ कि उहाँले स्वर्गदेखि उनीहरुलाई रोटी दिनुभयो ।

३२. तब येशूले उनीहरुलाई भन्नुभयो कि म तिमीहरुलाई साँचै साँचै भन्दछु मोशाले स्वर्गदेखि त्यो रोटी तिमीहरुलाई दिइएनन तर मेरा पिता स्वर्गदेखि साँचो रोटी तिमीहरुलाई दिनुहुन्छ ।
३३. किनकि जो स्वर्गदेखि झरेर संसारलाई जीवन दिन्छ त्यो नै ईश्वरले दिइएको रोटी हो ।
३४. त्यसकारण उनीहरुले उहाँलाई भने कि हे प्रभु यो रोटी हामीहरुलाई सदा दिनुहोस ।
३५. येशूले उनीहरुलाई भन्नुभयो कि म जिवन दिने रोटी हुँ जो कोही मकहाँ आउँदछ त्यो कहिल्यै भोको हुनेछैन र जो कोही मलाई विश्वास गर्दछ त्यो कहिल्यै तिर्खाउनीहरुेछैन ।
३६. तर मैले तिमीहरुलाई भने कि तिमीहरुले मलाई देख्यौ तर विश्वास गर्दैनौ ।
३७. जस्लाई पिताले मलाई दिनुहुन्छ उनीहरु सबै मकहाँ आउनेछन अनि जो कोही मकहाँ आउनेछ म उस्लाई कुनै रीतिले टाढा गर्नेछैन ।
३८. किनकि आफ्नो ईच्छा पूरा गर्नलाई म स्वर्गदेखि झरेन, तर जस्ले मलाई पठाउनुभयो उहाँका ईच्छा पूरा गर्नलाई ।
३९. अनि बावु कि जस्ले मलाई पठाउनुभयो उहाँको ईच्छा यो छ कि उहाँले मलाई जे दिनुभएको छ त्यसका केही म न हराउँ तर अन्तिमको दिनमा फेरि त्यसलाई बौरी उठाँउ ।
४०. जस्ले मलाई पठाउनुभयो उहाँको यो ईच्छा कि जो हरेक मानिस पुत्रलाई देखेर विश्वास गर्दछ उनीहरुले अनन्त जीवन पाऊन र अन्तिमको दिनमा फेरि त्यसलाई बौरी उठाउनीहरुेछु ।
४१. त्यसकारण यहूदिहरुले उहाँसित गनगन गरे किनकि उहाँले भन्नु भएको थियो कि जो रोटी स्वर्गदेखि झर्‍यो त्यो रोटी म नै हुँ ।
४२. अनि उनीहरुले भने कि यो के युसुफको पुत्र येशू होइन कि जस्का आमा पितालाई हामी जान्दछौँ तब त्यो कसरी भन्दछ कि म स्वर्गदेखि झरेको हुँ ।
४३. येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो कि तिमीहरु आपसमा गनगन नगर ।
४४. मलाई पठाउनुहुने पिताले नखिँचे सम्म कोहीपनी महाँ आउनीहरु सक्दैन अनि अन्तिमका दिनमा त्यसलाई म बौरी उठाँउला ।
४५. भविष्यवक्ताका कुराहरुमा यो लेखिएको छ कि उनीहरु सबै ईश्वरदेखि सिकाइनेछन्, त्यसकारण जो हरेक मानिसले सुनेको छ र पिताबाट सिकाइएको छ त्यो मकहाँ आउनेछ ।
४६. कसैले पितालाई देखेको छैन तर जो ईश्वरद्धारा हुनुभएको छ उहाँले पितालाई देख्नुभएको छ ।
४७. म साँचै साँचै तिमीहरुलाई भन्दछु कि जो कोही म माथी विश्वास गर्दछ त्यससित अनन्त जीवन छ ।
४८. जीवनको रोटी म नै हुँ ।
४९. तिमीहरुका पुर्खाहरुले मरुभुमिमा मन्ना खाएका थिए र उनीहरु मरेर गएका छन् ।
५०. जे रोटी स्वर्गदेखि आउँछ त्यो यहि हो कि मानिसले त्यसबाट खाउनीहरु् र नमरुन ।
५१. स्वर्गदेखि आएको जीउँदो रोटी म नै हूँ यदि कोहीले यो रोटीबाट खान्छ भने त्यो सदालाई बाँच्नेछ अनि जो रोटी म दिन्छु त्यो मेरो शरिर हो जो म संसारको जीवनका लागी दिनेछु ।
५२. त्यसकारण यहूदिहरुले आपसमा झगडा गरी भने यो मानिस कि खानाका लागी आफ्ना शरिर कसरी दिन सक्तछ?
५३. त्यसपछि येशूले उनीहरुलाई भन्नुभयो कि म तिमीहरुलाई साँचै साँचै भन्दछु कि यदि तिमीहरुले मानिसका पुत्रको शरिर खाँदैनौ र त्यसको रगत पिउँदैनौ भने तिमीहरुमा केही जीवन छैन ।

५४. जो कोही मेरो शरिर खान्छ र मेरो रगत पिउँछ त्यससित अनन्त जीवन हुनेछ अनि अन्तिमका दिनमा म त्यसलाई उठाँनेछु ।
५५. किनकि मेरो शरिर साँचै रोटी हो अनि मेरा रगत पिउनेकुरा हो ।
५६. जो कोहीले मेरो शरिर खानेछ र मेरो रगत पिउनीहरुेछ त्यो ममा रहन्छ अनि म त्यसमा रहन्छु ।
५७. जस्तै जिँउदा पिताले मलाई पठाउनुभयो र म पिताद्धारा जिँउछु त्यस्तै जो कोही मलाई खान्छ, त्यो मद्धारा बाँच्नेछ ।
५८. जो रोटी स्वर्गदेखि आयो त्यो यहि हो, यो तिमीहरुका पुर्खाहरु जस्तो होइन जस्ले मन्ना खाए र मुर्दा भए, जो कोही यो रोटी खान्छ त्यो सधैं बाच्नेछ ।
५९. उहाँले कफरनहुममा सभाघरमा यी कुराहरु भन्नुभयो ।
६०. त्यसकारण उहाँका धेरै शिष्यहरुले त्यो सुनेर भने कि यो कठोर कुरा हो, यो कस्ले सुन्न सक्छ?
६१. जब येशूले आफ्ना मनमा जान्नुभयो कि शिष्यहरुले त्यस विषयमा गनगन गरे तब उहाँले उनीहरुलाई भन्नुभयो कि यो के तिमीहरुलाई ठेस् लाग्यो?
६२. मानिसको पुत्रलाई उहाँको पहिलेकै ठाँउमा माथि जाँदा यदि तिमीले देख्यौ भने तब के ?
६३. यो जीवन दिनेवाला आत्मा हो, शरिरले केही फल दिँदैन, जो कुराहरु तिमीहरुलाई म भन्छु, ती आत्मा हुन् र जीवन हुन ।
६४. तर तिमीहरुमध्ये कोही छन् जस्ले विश्वास गर्दैनन् । किनकि येशूले कस्ले विश्वास गर्दैन र कस्ले धोका दिन्छ सो शुरुवात देखि नै जान्नुहुन्थ्यो ।
६५. उहाँले भन्नुभयो कि त्यसकारण मैले तिमीहरुलाई भने कि मेरा पिताले कसैलाई नदिएसम्म कोही पनी मकहाँ आउनीहरु सक्दैन ।
६६. त्यस समयदेखि उहाँका शिष्यहरुमध्ये धेरै पछि हटे र फेरि उहाँसगँ हिँडेनन् ।
६७. तब येशूले बाह्रलाई भन्नुभयो कि के तिमीहरु पनि जान्छौ ?
६८. सिमोन पत्रुसले उहाँलाई जवाफ दिए कि हे प्रभु हामी को सित जाँउ ? अनन्त जीवनका कुराहरु तँपाई सित छन् ।
६९. हामी विश्वास गर्दछौ अनि जान्दछौ कि तँपाई खीष्ट जान्दछौँ कि तपाईँ खीष्ट, जीउँदो ईश्वरको पुत्र हुनुहुन्छ ।
७०. येशूले उनीहरुलाई जवाफ दिनुभयो कि मैले के तिमी बाह्रजनालाई रोजीन? अनि तिमीहरुमध्ये एकजना शैतान हो ।
७१. उहाँले सिमोनको पुत्र यहुदा स्करियोतका विषयमा भन्नुभयो, किनकि बाह्रमध्येका एकजना भएर उहाँलाई धोका दिने त्यहि थियो ।

## ७ अध्याय

१. यसपछी येशू गालिलिमै घुमिरहनुभयो किनकि यहूदिहरुले उहाँलाई मारिहाल्न् चाहेकोले उहाँ यहुदीया देशमा फर्कन चाहनुभएनीहरु ।
२. त्यस समय यहूदिहरुको बासस्थानको चाड नजिकै थियो ।

३. उहाँका भाईहरुले तब उहाँलाई भने कि यो ठाँउ छोडेर यहुदीया देशमा जानुहोस् कि तपाईका शिष्यहरुले पनी तपाईको काम देखुन् ।
४. किनकि जो कोही खुल्लमखुल्ला जानिन चाहन्छ भने त्यो गुप्ताइले काम गर्दैन यदि तपाई यी कामहरु गर्नुहुन्छ भने  आफुलाई संसारमा जाहेर गर्नुहोस् ।
५. किनकि उहाँका भाईहरुलेपनी उहाँमाथि विश्वास गरेनन् ।
६. तब येशूले उनीहरुलाई भन्नुभयो कि मेरो समय यो होइन तर तिमीहरुका समय सदा छ ।
७. संसारले तिमीहरुलाई घृणा गर्न सकतैन तर मलाई घृणा गर्छ, किनकि म त्यस्को गवाही दिन्छु कि त्यसका काम खराब छन् ।
८. तिमीहरु यस चाडमा माथि जाऊ म अब यस चाडमा जाँदिन किनकि मेरो समय अहिले पूरा भएको छैन ।
९. तब उहाँले यी कुरा उनीहरुलाई भनेर गालिलिमै रहनुभयो ।
१०. तर उहाँका भाईहरु गएपछी उहाँ पनि चाडमा जानुभयो खुल्लमखुल्लला होइन तर गुप्तले ।
११. तब यहूदिहरुले उहाँलाई चाडमा खोज्दै भने कि त्यो कहाँ छ ?
१२. उहाँका विषयमा आपसमा मानिसहरुको गनगन पनी भयो किनकि कसैले भने कि त्यो भलो मानिस हो अरु कसैले भने कि होइन, त्यसले मानिसहरुलाई धोका दिन्छ ।
१३. तर यहूदिहरुका डरले कसैले उहाँको विषयमा खुल्लमखुल्ला कुरा गरेनन् ।
१४. चाडको बिचमा येशू माथि मन्दिरमा गएर सिकाउनुभयो ।
१५. तब यहूदिहरुले आश्चर्य भएर भने कि यो मानिस कहिल्यै कसै सित नशिखी कसरी विद्या जान्दछ ?
१६. तब येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो कि मेरो शिक्षा मेरो होइन तर जस्ले मलाई पठाउनुभयो  उहाँको हो ।
१७. यदि कोही उहाँका ईच्छाका काम गर्छ भने त्यो मानिसले उस्ले शिक्षाको विषय जान्नेछ कि त्यो ईश्वरदेखि हो कि म आफ्नो मनले भन्छु ।
१८. जो मानिसले आफ्नो विषयमा भन्दछ त्यसले आफ्नो आदर खोज्दछ तर जस्ले उहाँलाई पठाउनुभयो  उहाँको आदर जस्ले खोज्दछ त्यो साँचो हो र अधर्म त्यसमा हुँदैन ।
१९. मोशाले के तिमीहरुलाई व्यवस्था दिएनीहरुन् र पनि तिमीहरु कोहिले व्यवस्था पालन गर्दैनौ? मलाई मार्नलाई खोज्छौ?
२०. मानिहरुले जवाफ दिइएर भने कि तँपाईसगं दुष्टात्मा छ, जस्ले तपाईलाई मार्न खोज्छ ।
२१. येशूले जवाफ दिइएर उनीहरुलाई भन्नुभयो कि मैले एउटा काम गरे त्यसले तिमीहरु सबै अचम्मित हुन्छौ ।
२२. मोशाले तिमीहरुलाई खतना दिए (मोशादेखि होइन तर पुर्खादेखि हो) अनि तिमीहरु शबाथको दिनमा मानिसको खतना गर्दछौ ।
२३. यदि एउटा मानिसलाई शबाथको दिनमा खतना गर्दछौ ताकि मोशाको व्यवस्था नतोडियोस्, तब तिमीहरु म माथी खनियौ किनकि शबाथ दिनमा मैले एक मानिसलाई पूरै निको पारें ?
२४. जो देखाई अनुसार न्याय नगर तर धर्ममय न्याय गर ।
२५. तब येरुशलेमका कसैकसैले भने कि यो त्यो मानिस होइन जस्लाई उनीहरु मार्न खोज्दैछन् ?
२६. तर हेर त्यो निर्भय भएर कुरा गर्दैछ अनि उनीहरु त्यसलाई केही भन्दैनन्, के शासकहरु जान्दछन् कि यो निश्चय नै ख्रीष्ट हो ?

२७. हामी जान्दछौं कि यो मानिस कहाँदेखि आयो तर खीष्ट आएपछी उहाँ काहादेखि आउनुहुन्छ त्यो कोही जान्दै न ।
२८. त्यसपछी येशूले मन्दिरमा शिक्षा दिने बेला हप्काएर भन्नुभयो कि के तिमी मलाई जान्दछौ अनि म कहाँदेखि हुँ तिमी यो पनी जान्दछौ, म आफ्नो ईच्छाले आएको होइन तर जस्ले मलाई पठाउनुभयो उहाँ साँचो हुनुहुन्छ, जस्लाई तिमीहरु जान्दैनौ ।
२९. तर म उहाँलाई जान्दछु किनकि म उहाँद्वारा आएँ र उहाँले मलाई पठाउनुभयो ।
३०. तब उनीहरुले उहाँलाई पकन खोजे तर उहाँमाथी कसैले हात हालेनन् किनकि उहाँको समय आएको थिएन ।
३१. त्यसकारण मानिहरुमा धेरैले उहाँमाथी विश्वास गरे अनि भने कि खीष्ट जब आउनुहुन्छ तब जो अचम्मको काम यो मानिस गर्दछ उहाँले के यस भन्दा बढता गर्नुहुन्छ ?
३२. मानिसहरुले उहाँको विषयमा यस्तो गनगन गरेको फारिशिहरुले सुने, त्यसकारण फारिशिहरुले र प्रधान पुजाहारीहरुले उहाँलाई पकन भनी सिपाहीहरु पठाए ।
३३. तब येशूले उनीहरुलाई भन्नुभयो कि अलिक दिन म तिमीहरुका साथ रहुँला त्यसपछी जस्ले मलाई पठायो उहाँकहाँ म जान्छु ।
३४. तिमीहरु मलाई खोज्नेछौ र मलाई भेट्नेछैनौ अनि जुन ठाँउमा म हुन्छु त्यो ठाँउमा तिमीहरु आउनीहरु सक्दैनौ ।
३५. तब यहूदिहरुले आपसमा भने कि उहाँ कहाँ जानुहुनेछ कि हामि उहाँलाई भेट्न सक्दैनौ ? के उहाँ छरिएका अन्यजातिहरुहाँ गएर अन्यजातिहरुलाई सिकाउनु हुनेछ ?
३६. तिमीहरु मलाई खोज्नेछौ र मलाई भेट्नेछैनौ अनि अनि जुन ठाँउमा म हुन्छु त्यो ठाँउमा तिमीहरु आउनीहरु सक्दैनौ उहाँका यी कुराको अर्थ के हो ?
३७. अन्तिम दिनमा अर्थात चाडको ठूलो दिनमा येशूले उभिएर भन्नुभयो कि यदि कोही मानिस तृषित छ भने मसित त्यो आवोस् र पिओस् ।
३८.जतिले ममाथी विश्वास गर्दछ जस्तो धर्मग्रन्थमा भनिएको छ जस्तै उहाँको पेटदेखि जिउँदो पानीको नदि निस्कनेछ ।
३९. (तर जस्ले उहाँलाई विश्वास गर्दछन् उनीहरु जो आत्मा पाउनीहरुेछन् त्यस विषयमा उहाँले यी कुराहरु भन्नुभयो किनकि पवित्र आत्मा तबसम्म दिइएको थिएनीहरु, किनकि येशू अझै महिमीत हुनुभएको थिएन ।)
४०. त्यसकारणले धेरै मानिसहरुले यी कुरा सुनेर भने कि अवश्य यहाँ त्यही भविष्यवक्ता हुनुहुन्छ ।
४१. अरु मानिसहरुले भने कि उहाँ खीष्ट हुनुहुन्छ तर कसैकसैले भने कि खीष्ट के गालिलिदेखि आउनुहुन्छ र ?
४२. धर्मग्रन्थले के भनेको छैन र कि खीष्ट दाउदका वंशबाट आउनुहुनेछ, र बेथलेहेम शहरदेखि आउनुहुनेछ जुन ठाँउमा दाउद थिए ।
४३. त्यसकारणले उहाँका विषयमा मानिसहरुमा फाटो भयो ।
४४. अनि कसैकसैले उहाँलाई पकन खोजे तर उहाँमाथी कसैले पनि हात हालेनन् ।
४५. त्यसबेला प्रधान पुजाहारीहरु र फारिशिहरुकहाँ सिपाहीहरु आए अनि उनीहरुले उनीहरुलाई भने कि तिमी त्यसलाई किन ल्याएनौ ?
४६. सिपाहीहरुले जवाफ दिए कि त्यस मानिसका झैं कसैले पनि कुरा गरेनन् ।
४७. फारिशिहरुले उनीहरुलाई जवाफ दिए कि के तिमीहरु पनि भ्रममा पर्‍यौ ?

४८. के कुनै शासक वा फरिसीहरुमध्ये कसैले उस्माथि विश्वास गरे ?
५०. निकोदेमसले (फरिसीहरुमध्ये एक जना जो रातमा येशूलाई भेट्न आएका थिए) उनीहरुलाई भने,
५१. कि के कुरा सुन्न र काम जान्नका अघी हामीहरुका व्यवस्थाले के कसै मानिसको न्याय गर्दछ र ?
५२. उनीहरुले जवाफ् दिइएर उनीहरुलाई भने कि के तिमी गालिलिको मानिस हो ? खोज, अनि हेर, किनकि गालिलिदेखि कोही भविष्यवक्ता निस्केका छैनन् ।
५३. त्यसपछी हरेक मानिस आफ्ना आफ्ना घर गए ।

## ८ अध्याय

१. येशू जैतुनका डाँडामाथी जानुभयो ।
२. अनि बिहानमा उहाँ मन्दिरमा फेरि आउनुभयो तब सबै जना उहाँकहाँ आए र उहाँले बसेर उनीहरुलाई शिक्षा दिनुभयो ।
३. त्यसबेला व्यभिचारमा पक्रिएकी एक स्त्रीलाई पंडितहरुले र फारिशिहरुले उहाँकहाँ ल्याए र त्यसलाई माझमा राखेर उनीहरुले भने,
६. यदि कोही ममा रहेन भने त्यो डाली फालिइनेछ र सुकि जान्छ र मानिसहरुले उनीहरुलाई बाटूलेर आगोमा फाल्छन् र उनीहरु जल्नेछन् ।
७. यदि तिमीहरु ममा रहयौ अनि मेरा कुरा तिमीहरुमा रहयो भने तिमीहरुका जे ईच्छा छ त्यो प्रार्थना गर्‍यौभने तिमीहरुका लागी त्यो पुरा गर्नेछु ।
८. तिमीहरुका धेरै फल फल्यो भने मेरा पिताका प्रकट हुनेछ, यस्तै तिमीहरु मेरा शिष्य हुनेछौ ।
९. जस्तो पिताले मलाई प्रेम गर्नुभयो त्यस्तै मैले तिमीहरुलाई प्रेम गरे, मेरा प्रेममा रह ।
१०. मेरो आज्ञा जब तिमीहरु मान्छौ तब मेरा प्रेममा रहनेछौ, जस्तो म आफ्नो पिताका आज्ञा मानेर उहाँका प्रेममा रहन्छु ।
११. मैले यी कुराहरु तिमीहरुलाई भने ताकि तिमीहरुमा मेरो आनन्द रहोस् अनि तिमीहरुका आनन्द पूरा होस् ।
१२. यो मेरो आज्ञा छ कि जस्तै मैले तिमीहरुलाई प्रेम गरे त्यस्तै तिमीहरु एक अर्कालाई प्रेम गर ।
१३. आफ्नो मित्रका लागी आफ्नो प्राण दिनुभन्दा ठूलो कसैको प्रेम छैन ।
१४. म तिमीहरुलाई जो आज्ञा दिन्छु त्यो गरे देखि तिमीहरु मेरो मित्र हौ ।
१५. यसपछी म तिमीहरुलाई कमारा भन्दिन किनकि मालिकले जे काम गर्दछ कमाराले त्यो जान्दैन तर मैले तिमीहरुलाई मित्र भने किनकि मेरा पिताबाट मैले जे सुने त्यो सब तिमीहरुलाई बताएँ ।
१६. तिमीहरुले मलाई रोजेनौ तर मैले तिमीहरुलाई रोजें अनि तिमीहरुलाई नियुक्त पनी गरें ताकि तिमीहरु गएर फल फलाऊ, अनि तिमीहरुका फल रहिरहोस्, ताकि मेरो नामले मेरा पितासगँ तिमी जे माँग्छौ उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ ।
१७. म तिमीलाई यो आज्ञा दिन्छु कि एकअर्कालाई प्रेम गर ।
१८. यदि संसारले तिमीहरुलाई घृणा गर्‍यो भने तिमीहरु यो जान कि तिमीहरुलाई घृणा गर्न अघी यस्ले मलाई घृणा गरेका छ ।

१९. तिमीहरु यस संसारका होइनौ यदि तिमीहरु यस संसारका हुँदा हौ त, यस्ले आफ्नाहरुलाई प्रेम गर्नेथियो, तिमीहरु यस संसारको होइनौ तर संसारदेखि मैंले तिमीहरुलाई रोजें त्यसकारण संसारले तिमीहरुलाई घृणा गर्दछ ।
२०. जो कुरा मैले तिमीहरुलाई भने त्यो याद राख कि कमारा मालिक भन्दा ठूलो होइन । यदि तिनीहरुले मलाई सताए भने तिमीहरुलाई पनि सताउनीहरुेछन, यदि उनीहरुले मेरो कुरा मानेका भए तिमीहरुका कुरा पनि मान्नेथिए ।
२१. तर यी सब मेरो नामका लागी उनीहरुले तिमीहरुलाई गर्नेछन्, किनकि जस्ले मलाई पठाउनुभयो  उहाँलाई उनीहरु जान्दैनन् ।
२२. यदि म आएर उनीहरुलाई नभनेका भए उनीहरुसगँ पाप हुँदैनथ्यो तर अब उनीहरुका पापका बाहाना छैन ।
२३. जस्ले मलाई घृणा गर्दछ त्यस्ले मेरो पितालाई पनि घृणा गर्दछ ।
२४. यदि अरु कसैले नगरेका काम तिनीहरुका बिचमा मैले नगरेका भए उनीहरुले पाप गर्देनथिए, तर अव मलाई र मेरो पितालाई उनीहरुले देखेर घृणा गरे ।
२५. तर उनीहरुले मलाई बिना कारण घृणा गरे धर्मशास्त्रमा लेखिएका यो पूरा हुनका लागी यस्तो भयो ।
२६. तर जब सान्तवना दिने जस्लाई पिताकहाँबाट तिमीहरुकहाँ मैले पठाउनीहरुेछु, अर्थात पितादेखि निस्किए आएका सत्यको आत्मा उहाँ आएर मेरो विषयमा गवाही दिनुहुन्छ ।
२७. तिमीहरु पनि शुरुवातदेखि मसगँ थियौ यसकारण तिमीहरु पनि गवाही दिनेछौ ।

## १६ अध्याय

१. मैले यी कुरा तिमीहरुलाई भने ताकि तिमीहरु नहट ।
२. उनीहरुले तिमीहरुलाई सभाघरदेखि टाढा गर्नेछन् हो यस्तो समय पनि आउँछ कि काहीले तिमीहरुलाई मार्‍यो भने उस्ले बुझ्ला कि उस्ले ईश्वरको सेवा गर्दैछ ।
३. उनीहरुले यी सबै तिमीहरुलाई गर्नेछन् किनकि उनीहरु पितालाई र मलाई जान्दैनन् ।
४. तर मैले यी सबै तिमीहरुलाई भने ताकि त्यो समय आएपछी तिमीहरु याद गर कि मैले यी कुरा तिमीहरुलाई भनेका छु, मैले शुरुवातमा यी कुरा तिमीहरुलाई भनेन किनकि म तिमीहरु संग थिएँ ।
५. तर अब जस्ले मलाई पठाउनुभयो उहाँकहाँ म जान्छु अनि तिमीहरु कोही मलाई सोध्दैनौ कि तपाई कहाँ जानुहुन्छ ।
६. तर तिमीहरुलाई मैले यो कुरा भन्नाले तिमीहरुका ह्रदय दुखले भर्‍यो ।
७. तर म सत्य कुरा तिमीहरुलाई भन्छु, मेरो जानाले बरु तिमीहरुका भलो होला किनकि यदि म गएन भने सान्तवना दिने तिमीहरुकहाँ आउनु हुँदैन तर म गएर उहाँलाई तिमीहरुकहाँ पठाउनेछु ।
८. अनि उहाँ आएर तिमीहरुलाई संसारका पाप र धार्मिकता र न्यायका विषयमा ज्ञान दिनुहुनेछ ।
९. पापका विषयमा, किनकि उनीहरु ममाथि विश्वास गर्दैनन् ।
१०. धार्मिकताका विषयमा, किनकि म आफ्नो पिताकहाँ जान्छु अनि तिमीहरु मलाई देख्न पाउदैनौ ।
११. न्यायका विषयमा किनकि यस संसारका राजकुमारका न्याय गरियो ।

१२. मलाई तिमीहरुलाई अरु धेरै कुरा भन्नुछ तर त्यो तिमीहरु अब सहन सक्दैनौ ।
१३. तर सत्यका आत्मा आएर सबै सत्यमा तिमीहरुलाई बाटो देखाउनुहुनेछ, किनकि उहाँ आफै बोल्नुहुन्न तर उहाँले जे सुन्नुहुन्छ त्यो भन्नुहुन्छ, अनि आउने कुराहरु तिमीहरुलाई देखाउनुहुनेछ ।
१४. उहाँले मेरो महिमा प्रकट गर्नुहुनेछ किनकि मेरो कुराहरु प्राप्त गर्नुहुन्छ र त्यहि तिमीहरुलाई देखाउनुहुनेछ ।
१५. पिताका जे छ त्यो सबै मेरो हो यसकारण मैले भने कि मेरो कुराहरु प्राप्त गर्नुहुन्छ र त्यहि तिमीहरुलाई देखाउनुहुनेछ ।
१६. थोरै समय पछि तिमी मलाई देख्दैनौ फेरि थोरै समय पछि तिमीहरु मलाई देख्नेछौ किनकि म पिताकहाँ जान्छु ।
१७. तब उहाँका कति शिष्यहरुले आपसमा भने यो के हो कि उहाँ हामीलाई भन्नुहुन्छ कि थोरै समय पछि तिमी मलाई देख्दैनौ फेरि थोरै समय पछि तिमीहरु मलाई देख्नेछौ किनकि म पिताकहाँ जान्छु ।
१८. यसकरण उनीहरुले भने कि उहाँले यो थोरै समय के भन्नुहुन्छ ? त्यो हामी बुझ्न सकेनौ ।
१९. येशूले जान्नुभयो कि उनीहरुले उहाँलाई सोध्न चाहन्थे, यसैले उनीहरुलाई भन्नुभयो कि मैले जो कुरा भने कि थोरै समय पछि तिमी मलाई देख्दैनौ फेरि थोरै समय पछि तिमीहरु मलाई देख्नेछौ यसका विषयमा तिमीहरु के आपसमा कुरा गर्छौ ?
२०. म साँचै साँचै तिमीहरुलाई भन्छु कि तिमीहरु रुनेछौ र विलाप गर्नेछौ, तर संसार खुशी होला तिमीहरु पनि दुखि होउला तर तिमीहरुका दुख आनन्दमा बदलिनेछ ।
२१. प्रसवबेदनाका बेला स्त्री दुखित हुन्छे, किनकि त्यसका सुत्केरिका समय नजिकै हुन्छ, तर बालक जन्मेपछि उस्ले सबै व्यथाहरु बिर्सन्छे, किनकि उस्का सन्तान संसारमा जन्मनाका आनन्दले सबै दुख याद रहदैन ।
२२. उसतै तिमीहरुका पनी दु:ख छ, तर म तिमीहरुलाई फेरि भेट्नेछु, त्यसले तिमीहरुका मन खुसी होला अनि कसैले तिमीहरुका खुशी मेटाउन सक्दैन ।
२३. त्यसदिन तिमीहरु मसगँ केहि माग्दैनौ, तर साँचै साँचै म तिमीहरुलाई कहनछु कि मेरो नामले तिमीहरु जो पितासगँ माग्छौ, उहाँले तिमीहरुलाई त्यो दिनुहुनेछ ।
२४. अबसम्म मेरा नामले तिमीहरुले केहि मागेनौ, माग तब तिमीहरु पाउनेछौ, ताकि तिमीहरुको खुसी पूरा होस् ।
२५. दृष्टान्तमा मैले यी सबै तिमीहरुलाई भने, तर त्यो समय आँउदैछ जब म अरु दृष्टान्त भन्नेछैन, तर म तिमीहरुलाई पिताका विषयमा स्पष्ट बताउनेछु ।
२६. त्यसदिन तिमीहरु मेरो नामले प्रार्थना गर्नेछौ अनि म तिमीहरुलाई भन्दिन म तिमीहरुका विषयमा पितासगँ प्रार्थना गर्नेछु ।
२७. किनकि पिता आफै तिमीहरुलाई प्रेम गर्नुहुन्छ, किनकि तिमीहरुले मलाई प्रेम गर्यौ, अनि विश्वास गर्‍यौ कि म पितादेखि आएँ ।
२८. म पिता देखि संसारमा आएँ फेरि संसार छाडेर म पितकहाँ जान्छु ।
२९. उहाँका शिष्यहरुले भने कि हेर्नुहोस् अहिल्यै तपाई स्पष्ट कुरा भन्नुहुन्छ, र दृष्टान्त भन्नुहुँदैन ।
३०. अब हामी ठिक जान्दछौँ कि तपाई सर्वज्ञ हुनुहुन्छ, तपाइलाई सोध्न खाँचो छैन, हामी यसमा विश्वास गर्दछौ कि तपाई ईश्वरदेखि आउनुभयो ।
३१. येशूले जवाफ दिनुभयो तिमी के अब विश्वास गर्दछौ ?

३२. हेर, समय आउँदैछ, यहि हो, कि जसमा तिमीहरु हरेक जना आफ्नो ठाँउतिर सब छरपष्ट हुनेछौ, अनि मलाई एक्लो छाडि जानेछौ तर म एक्लो छैन, किनकि पिता मसंग हुनुहुन्छ ।
३३. मैले यी कुरा तिमीहरुलाई भने ताकि ममा तिमीहरुलाई शान्ति होस्, संसारमा तिमीहरुलाई दुख होला तर भरोसा राख मैले संसारलाई जितेका छु ।

## १७ अध्याय

१. येशूले यी कुरा भन्नुभयो अनि स्वर्गतिर आँखा गरेर भन्नुभयो कि हे पिता समय आयो, आफ्नो पुत्रको महिमा गर्नुहोस् ताकि तपाईका पुत्रले तपाईका महिमा प्रकट गरोस् ।
२. तपाईले आफ्नो पुत्रलाई जति मानिस दिनुभयो उनीहरुसबैलाई अनन्त जविन दिनका लागि सब प्राणी माथी जे अधिकार उनलाई दिनुभयो ।
३. अनि अनन्त जीवन यहि हो, कि उनीहरुले तपाईलाई एक मात्र सत्य ईश्वर भनी जानुन्, अनि येशू खीष्टलाई पनि जानुन् जस्लाई तपाईले पठाउनुभयो ।
४. मैले संसारमा तपाईका महिमा प्रकट गरें जुन काम तपाईले मलाई गर्नलाई दिनुभयो र मैले पुरा गरें ।
५. र अब, हे पिता संसारका अघि तपाईसंग मेरो जुन महिमा थियो, त्यस महिमादेखिख आफु संग मेरो महिमा गराउनुहोस् ।
६. तपाईले संसारदेखि जुन मानिसहरु मलाई दिनुभयो, उनीहरुका अघि तपाईका नाम मैले प्रकट गरेका छु, उनीहरु तपाईका थिए र तपाईले उनीहरुलाई मलाई दिनुभयो अनि उनीहरुले तपाईका कुरा पालन गरे ।
७. अनि अब उनीहरुले जान्न पाए कि जे तपाईले मलाई दिनुभयो त्यो सबै तपाईदेखि भयो ।
८. किनकि जे कुराहरु तपाईले मलाई दिनुभयो त्यो म उनीहरुलाई दिएँ, अनि उनीहरुले त्यो ग्रहण गरे अनि उनीहरुले ठीक जाने कि म तपाईदेखि आएँ अनि उनीहरुले विश्वास गरे कि तपाईले मलाई पठाउनुभयो ।
९. म उनीहरुका लागि प्रार्थना गर्दछु म संसारका लागि प्रार्थना गर्दिन तर जस्लाई मलाई दिनुभयो उनीहरुका लागि प्राथना गर्दछु किनकि उनीहरु तपाईका हुन् ।
१०. अनि मेरो जे छ त्यो सबै तपाईका हो, अनि तपाईका जे छ त्यो मेरो हो, र उनीहरुमा मेरो महिमा प्रकट भयो ।
११. म संसारमा रहदिँन तर यिनीहरु संसारमा रहनेछन् र म तपाईकहाँ आउछु । हे पवित्र पिता, जस्लाई मलाई दिनुभयो आफ्नो नामले उनीहरुको रक्षा गर्नुहोस्, हामी जस्तो एक छौँ उनीहरु त्यसतै एक होऊन् ।
१२. म उनीहरुसंग संसारमा हुँदा, तपाईका नामले उनीहरुको रक्षा गरें, तपाईले जस्लाई मलाई दिनुभयो उनीहरुलाई मैले रक्षा गरें, विनाशका पुत्र बाहेक उनीहरुमा काही पनि हराएन, ताकि धर्मशास्त्र पूरा हुन सकास् ।

१३. अब म तपाईकहाँ आउछु अनि मेरो आनन्द उनीहरुमा पुरा होस् उनीहरुका लागि म यी कुरा संसारमा भन्दछु ।
१४. उनीहरुलाई तपाईका कुरा मैले दिएँ, अनि संसारले उनीहरुलाई घृणा गर्‍यो किनकि जस्तो म संसारका होइन त्यस्तै उनीहरु पनि संसारका होइनन् ।
१५. म प्रार्थना गर्दिन कि तपाई उनीहरुलाई संसारदेखि लैजानुहोस्, तर उनीहरुलाई दुष्ट देखि रक्षा गर्नुहोस् ।
१६. जस्तो म यस संसारको होइन त्यस्तै उनीहरुपनि यस संसारका होइनन् ।
१७. उनीहरुलाई तपाईका सत्यले शुद्ध गर्नुहोस् तपाई वचन सत्य छ ।
१८. जसरी संसारमा तपाईले मलाई पठाउनुभयो त्यसरी मैले पनि उनीहरुलाई संसारमा पठाएँ ।
१९. अनि उनीहरुका लागी म आफूलाई शुद्ध गर्छु, ताकि उनीहरुपनि सत्यले शुद्ध होऊन् ।
२०. म यिनीहरुका लागी मात्र प्रार्थना गर्दिन तर जस्ले उनीहरुका कुरा सुनेर ममाथी विश्वास गर्नेछन् उनीहरुका लागि पनि ।
२१. ताकी उनीहरु पनि एक होऊन, हे पिता म प्रार्थना गर्दछु कि जसरी तपाई ममा हुनुहुनुहुन्छ र म तपाईमा छु, त्यसरी नै उनीहरु पनि हामीमा एक होऊन्, ताकि संसारले विश्वास गरुन कि तपाईले मलाई पठाउनुभयो ।
२२. अनि जुन महिमा तपाईले मलाई दिनुभयो त्यो महिमा मैले उनीहरुलाई दिएँ, ताकि हामी जसरी एक छौं उनीहरुपनि त्यसरीनै एक होऊन ।
२३. म उनीहरुमा र तपाई ममा, ताकि उनीहरु एक भएर सम्पूर्ण हाऊन्, ताकि संसारले जानोस् कि तपाईले मलाई पठाउनुभयो, अनि जसरी मलाई प्रेम गर्नुभयो त्यसरी नै उनीहरुलाई प्रेम गर्नुभयो ।
२४. हे पिता तपाईले जस्लाई मलाई दिनुभयो, म चाहन्छु कि मेरो जो महिमा तपाईले गर्नुभयो त्यो महिमा देख्नका लागि म जहाँ रहनेछु उनीहरुपनि त्यहाँ मसगँ रहुन, किनकि संसारका जग भन्दा अघि देखि नै तपाईले मलाई प्रेम गर्नुभयो ।
२५. हे पवित्र पिता, यो संसारले तपाईलाई जान्दैन तर मैले तपाईलाई जान्दछु, तपाईले मलाई पठाउनुभयो त्यो यिनीहरुले जान्दछन् ।
२६. उनीहरुकहाँ मैले तपाईका नाऊ प्रकट गरें, र प्रकट गर्नेछु कि जुन प्रेमले तपाईले मलाई प्रेम गर्नुभयो, त्यो प्रेम उनीहरुमा होस् अनि मपनि उनीहरुमा रहुँ ।

## १८ अध्याय

१. येशू यी कुरा भनेर आफ्ना शिष्यहरुका संग किद्रोन खोलापारि जानुभयो, त्यसठाँउमा एउटा बगान थियो, त्यस बगानमा उहाँ र उहाँका शिष्यहरु पस्नुभयो ।
२. र यहूदा पनि जस्ले उहाँलाई विश्वासघात गर्‍यो त्यसठाउँमा थियो, किनकि आफ्ना शिष्यहरुसंग येशू घरिघरि त्यहाँ भेला हुनुहुन्थ्यो ।

३. तब यहूदाले प्रधान पुजाशारी अनि फारिशिहरुकहाँ बाट फौज र सिपाहीहरु पाएर, लाल्टेन र बत्तीहरु, र हतियार हातमा लिएर त्यसठाँउमा आए ।
४. यसकारण आफ्नो यो दशा यो जानेर येशू बाहिर जानुभयो अनि उनीहरुलाई भन्नुभयो कि तिमी कस्लाई खोज्दैछौ ?
५. उनीहरुले उहाँलाई जवाफ दिए कि येशू नासरिलाई, येशूले तिनीहरुलाई भन्नुभयो कि उही हुँ, अनि यहूदा पनि जस्ले उहाँलाई विश्वासघात गर्‍यो उनीहरुसंग खडा भयो ।
६. म उहि हुँ उहाँले उनीहरुलाई भन्ने बित्तिकै उनीहरु पछि हटेर माटो माथि पछारिए ।
७. तब उहाँले फेरि उनीहरुलाई सोध्नुभयौं, कि तिमीहरु कस्लाई खोज्दैछौ ? उनीहरुले भने येशू नासरिलाई ।
८. येशूले जवाफ दिनुभयो कि तिमीहरुलाई मैले भने कि म उही हुँ, यसकारण यदि तिमीहरु मलाई खोज्दैछौ भने यिनीहरुलाई जान देऊ ।
९. यी सबै भयो ताकि उहाँले ती कुराहरु पूरा होस् जुन उहाँले भन्नुभएका थियो कि जस्लाई तपाईले मलाई दिनुभयो उनीहरुका माझ देखि मैले एकजना पनि हराइन ।
१०. बिमोन पत्रुससगँ एउटा तरवार थियो उनले त्यस समय त्यो निकालेर प्रधान पुजाहारीका एक चाकरलाई हिर्काए, अनि स्सको दाहिने कान काट्यो, त्यसचाकरको नाम मलखस थियो ।
११. तब येशूले पत्रुसलाई भन्नुयो कि तिम्रो तरबार त्यसका दाबमा राख, जुन प्याला मेरो पिताले मलाई दिनुभया त्यो के म नपिउँ ?
१२. त्यसपछि यहूदिहरुका फौज र कप्तान र सिपाहीहरुले येशूलाई पकेर बाँधे ।
१३. अनि पहिले उहाँलाई हन्नासकहाँ लगे किनकि जो त्यस वर्षको प्रधान पुजाहारी कायफाको ससुरा थिए ।
१४. यो कायफा उहि थिए जस्ले यो सल्लाह  यहूदिहरुेलाई दिएका थिए कि मानिसहरुका लागी त्यो एकजना मर्नु योग्य हो ।
१५. शिमोन पत्रुस र अर्का एक शिष्य येशूका पछि गए, त्यो शिष्य प्रधान पुजाहारीका चिनारु थिए, अनि येशूका संग प्रधान पुजाहारीका दलानमा गए ।
१६. तर पत्रुस ढोकानिर बाहिर खडा भए, अर्का शिष्य जो प्रधान पुजाहारीका चिनारु थिए, बाहिर गए अनि द्धारपाललाई भनेर पत्रुसलाईघरमा ल्याए ।
१७. तब जो स्त्री द्धारपाल थी उसले पत्रुस लाई भनी कि तपाई के यस मानिसको एक शिष्य होईन र ? उनले भने कि म त्यो होइन ।
१८. चाकर र सिपाहीहरु त्यसठाँउमा खडा भएर जाडोका लागि कोइलाको आगो बाले, तब पत्रुस उनीहरुसंग उभिएर आगो ताप्न लागे ।
१९. त्यसपछि प्रधान पुजाहारीले उहाँका शिष्य र शिक्षाका विषयमा येशूलाई सोधे,
२०. येशूले उनलाई जवाफ दिनुभयो कि मैले खुल्लमखुल्ला संसारलाई भने सभाघरमा र मन्दिमा मैले सधैं सिकाए जहाँ यहूदिहरु सदा जान्छन् अनि मैले गुप्तमा केहि पनि बोलेका छैन ।
२१. तपाई मलाई किन सोध्नुहुन्छ ? मैले के कुरा भने उनीहरुलाई सोध्नुहोस्, जसले मेरो शिक्षा सुनेका छन्, हेर्नुहोस्, मैले जे कुरा भने त्यो उनीहरु जान्दछन ।
२२. उहाँले यो कुरा भनेपछि, त्यहाँ उपस्थित एक जना सिपाहीले येशूलाई थप्पर हान्दै भन्यो कि त के प्रधान पुजाहारीलाई त्यसतो जवाफ दिन्छस् ?

२३. येशूले जवाफ दिनुभयो यदि मैले खराब बोलेका छु भने त्यस खराबीका गवाही दिनुहोस्, तर तर यदि मैले ठिक बोलेका छु भने मलाई किन हान्नुहुन्छ ?
२४. अब कायफा प्रधान पुजाहारीकहाँ हन्नासले उहाँलाई बाँधेकै अवस्थामा पठाएका थिए ।
२५. शिमोन पत्रुसले उभिएर आगो ताप्दैथिऐ त्यसबेला उनीहरुले उनलाई भने कि तिमी के यस मानिसको एक शिष्य होइनौ ? उनले इन्कार गरे र भने कि म त्यो होइन ।
२६. जस्का कान पत्रुसले काटेका थिए, उस्का आफन्त प्रधानपुजाहारीका चाकरहरु मध्ये एक चाकरले भन्यो कि बगानमा मैले के मैले तिमीलाई उहाँका साथमा देखिन र ?
२७. तब पत्रुसले फेरि इन्कार गरे अनि त्यस समय कुखुरा बास्यो ।
२८. त्यसपछि बिहान उनीहरु कायफाकहाँ अदालत घरमा येशूलाई लगे, अनि उनीहरु अशुद्ध नहोउन् तर निस्तार चाडका भोज खान सकुन भनी उनीहरु आफु अदालत घरमा गएनन् ।
२९. तब बाहिर गएर पिलातसले भने कि यस मानिसमाथि तिमीहरु दोष दिनछौ ?
३०. उनीहरुले जवाफ दिइएर उनलाई भने कि यदि अपराधी नभैदिए तपाईंसित हामी त्यसलाई सुंपदैन थियौं ।
३१. तब पिलातसले उनीहरुलाई भने कि तिमी त्यसलाई लिएर आफ्ना व्यवस्था अनुसार यसको न्याय गर । त्यसकारण यहूदिहरुले नलाई भने कि कसैलाई मार्न हामीलाई योग्य छैन ।
३२. आफ्नो मृत्यु कस्तो हुन्छ सङ्केत दिँदै येशूले जे कुरा भन्नु भएका थियो त्यो कुरा पूरा हुनलाई यस्तो भइरहेका थियो ।
३३. तब पिलातस अदालत घरमा पसे र पुजाहारी र येशूलाई बोलाएर भने कि तिमी के यहूदिहरुका राजा हौ ?
३४. येशूले उनलाई जवाफ दिनुभयो कि तपाई के आफै यो कुरा भन्नुहुन्छ वा कसैले मेरो विषयमा यो कुरा तपाईलाई भन्यो ?
३५. पिलातसले जवाफ दिए कि म के यहूदि हुँ र ? जे तिम्रो आफ्नो देशका मानिहरुले र प्रधान पुजाहारीहरुले मीलाई मकहाँ सुम्पे, तिमीले के गऱ्यौ ?
३६. येशूले जवाफ दिनुभयो कि मेरो राज्य यस संसारको होइन, मेरो राज्य यदि यस संसारका भए मेरा चाकर लडाई गर्थे ताकि म यहूदिहरुकहाँ नसुपिउँ, तर अहिले मेरो राज्य यस संसारका होइन ।
३७. यसमा पिलातसले उहाँलाई भने तब के तिमी राजा हौ ? येशूले जवाफ दिइएर भन्नुभयो कि तपाई नै भन्नुहुन्छ, कि म राजा हुँ, यसका लागी म जन्मे अनि सत्यको गवाही दिनलाई संसारमा आएँ, हरेक मानिस जो  सत्यका हो उनीहरुले मेरो कुरा सुन्दछन् ।
३८. पिलातसले उहाँलाई भने कि सत्य के हो ? अनि यस्तो भनेर उनी फेरि यहूदिहरुकहाँ गए अनि उनीहरुलाई भने कि म उनका केहि दोष पाँउदिन ।
३९. तर तिमीहरुका एक नियम छ कि म निस्तार चाडका समय एकजना तिमीहरुका लागी छोडिदिन्छु, यसकारण के तिमीहरुले यो ईच्छा गर्छौ कि म यहूदिहरुका राजालाई छाडिदिउँ ?
४०. तब उनीहरु सबैले पे,रि कराउँदै भने कि यस मानिसलाई होइन तर बारब्बालाई, बारब्बा एक चोर थियो ।

## १९ अध्याय

१. तब पिलातसले येशूलाई लगेर कोर्रा लगाए ।
२. त्यसपछि सिपाहीहरुले काँढाका एउटा मुकुट बनाएर उहाँका शिरमाथी लगाइदिए अनि एउटा बैजनी रगँका लुगा उहाँलाई लगाइदिए,
३. र उहाँलाई भने कि हे यहूदिहरुका राजा नमस्कार, र उनीहरुले हातले उहाँलाई थप्पड मारे ।
४. त्यसकारण पिलातसले फेरि  बाहिर गएर उनीहरुलाई भने कि हेर म उस्लाई तिमीहरुकहाँ ल्याउँदैछु कि तिमीहरु जान कि त्यसका केहि दोष म पाउँदिन ।
५. तब येशू काँढाका मुकट र बैजनि लुगा पहिरेर बाहिर निसक्नुभयो, र पिलातसले उनीहरुलाई भने कि हेर, त्यो मानिस यहि हो ।
६. यसकारण प्रधान पुजाहारीहरुले र सिपाहीहरुले उहाँलाई देखेर कराउँदै भने कि उसलाई कुशमा मार, कुशमा मार, पिलातसले उनीहरुलाई भने उसलाई लगेर कुशमा मार किनकि त्यसका केहि दोष देख्दिन ।
७. यहूदिहरुले उनलाई जवाफ दिए कि हामीहरुका एउटा व्यवस्था छ र हामीहरुका व्यवस्था अनुसार त्यो मर्नुपर्छ, किनकि उस्ले आफुलाई ईश्वरको पुत्र बनाएका छ ।
८. यसकारण पिलातसले त्यो कुरा सुनेर अझ बढि डराए ।
९. अनि फेरि अदालत घरमा गएर येशूलाई भने कि तिमी कहाँका हौ ? तर येशूले उनलाई केहि जवाफ दिनुभएन ।
१०. तब पिलातसल उहाँलाई भने कि तिमी के मलाई जवाफ दिदैनौ ? तिमीलाई के थाहा छैन कि तिमीलाई कूशमा मार्न र छाडिदिन मलाई अधिकार छ ?
११. येशूले जवाफ दिनुभयो यदि माथिदेखि त्यो तपाईलाई नदिएका भए म माथी तपाईका केहि अधिकार हुनेथिएन, यसकारण जस्ले मलाई तपाईका हातमा सुम्प्यो त्यसका बढ्ता पाप छ ।
१२. अनि त्यस समयदेखि पिलातसले उहाँलाई छाडिदिन खोजे, तर यहूदिहरुले कराउँदै भने कि यदि तपाईंले यस  मानिसलाई छोड्नुभयो भने तपाई कैसरको मित्र हुनुहुन्न, जस्ले आफूलाई राजा बनाउँछ त्यो कैसरका विरुद्ध बोल्छ ।
१३. यसकारण पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर निकाले र चौतारा नामका एक जगामा न्यायका आसनमा बसे, तर हिब्रु भाषामा त्यसलाई गब्बथा भनिन्छ ।
१४. अनि यो निस्तार चाडका तयारिका दिन थियो र छैठौं घण्टा समय भएका थियो तब यहूदिहरुलाई उनले भने कि तिम्रो राजालाई हेर ।
१५. तर उनीहरुले कराएर भने कि टाढा गर, टाढा गर, उसलाई कूशमा मार । पिलातसले उनीहरुलाई भने कि म के तिमीहरुका राजालाई कूशमा मारु ? प्रधान पुजाहारीहरुले जवाफ दिए कि कैसर बाहेक हामीहरुका अरु राजा छैन ।
१६. तब कशमा मार्नकालागि उनले उनीहरुकहाँ उहाँलाई सुम्पिदिए अनि उनीहरुले येशूलाई लगे ।
१७. त्यसपछि उहाँ आफ्नो कुश बोकेर खोपडी जस्लाई हिब्रु भाषमा गलगथा नामका एक ठाउँ तिर जानुभयो ।
१८. उनीहरुले उहाँलाई त्यसठाँउमा कशुमा टाँगे, अनि उहाँसंग दुई मानिसलाई दुवै छेऊमा टाँगे र येशूलाई बिचमा ।
१९. अनि कशुमाथि पिलातसले एउटा दोष पत्र लेखे कि यो येशू नासरि यहूदिहरुका राजा ।

२०. तब धेरै यहूदिहरुले त्यो दोष पत्र पढे, किनकि जुनठाँउमा येशूलाई क्रशुमा टाँगियो त्यो ठाँउ शहरका थियो, र यो हिब्रु, र ग्रीक, र ल्याटिन भाषमा लेखिएका थियो ।
२१. तब यहूदिहरुका प्रधान पुजाहारीहरुले पिलातसलाई भने कि यहूदिहरुका राजा भनेर नलेख्नु, तर लेख्नु कि उस्ले आफुलाई यहूदिहरुका राजा भन्यो ।
२२. पिलातसले भने कि मैले जे लेखैँ त्यो लेखैँ ।
२३. तब सिपाहीहरुले जब येशूलाई क्रशुमा टाँगे उहाँका लुगालाई चार भाग गरे हरेक सिपाहीका एक भाग, र उहाँका कुर्तापनि, उहाँका कुर्ता सिउनी विनाका र माथि देखि तल सम्म बुनिएका थियो ।
२४. त्यसकारण उनीहरुले आपसमा भने कि हामीले यो नच्यातौं तर चिट्ठा लगाउँ कि यो कसको हुनेछ, यो धर्मशास्त्र पुरा हुनका लागी भयो जसरी लेखिएका थियो  कि उनीहरुले मेरा लुगा भाग गरेर लिए, र मेरो कुर्ताका लागी चिट्ठा लगाए ।
२५. येशूका क्रशूका नजिकै उहाँकी आमा उनकी बहिनी, र क्लिओफसकी पत्नि  मरियम र मरियम माग्दलिनी खडा थिए ।
२६. त्यसकारण जब येशूले आफ्नो आमालाई र उहाँका प्यारो शिष्यलाई उभिएका देखेर आफ्नी आमालाई भन्नुभयो कि हे स्त्री तेरा पुत्रलाई हेर,
२७. त्यसपछि उहाँले आफ्ने शिष्यलाई भन्नुभयो कि तिम्रो आमालाई हेर, अनि त्यस समयदेखि त्यो शिष्यले उनलाई आफ्नो  घर लगे ।
२८. यो भएपछि सबै काम जब पूरा भयो भन्ने जानेर येशूले धर्मशास्त्र पूरा हुनका लागी भन्नुभयो मलाई प्यास लाग्यो ।
२९. त्यस समय सिर्काले भरिएको एउटा भाँडो त्यस ठाँउमा राखिएका थियो यसकारण उनीहरुले एउटा स्पन्ज सिर्काले भारेर हिसपका माथि राखेर उहाँका मुखमा दिए ।
३०. येशूले त्यो सिर्का चाखेर भननुभयो कि पुरा भयो त्यसपछि शिर निहुराएर आत्मा त्याग्नुभयो ।
३१. तयारीका समय थियो यसकारण शरीर क्रशुमाथि शबाथ दिनमा  नरहोस् भनेर यहूदिहरुले पिलातसलाई विन्ति गरे कि उनीहरुका पाऊ भाँचिउन र लगिउन् (किनकि त्यो शबाथ दिन, ठुलो दिन थियो) ।
३२. तब सिपाही आएर उहाँसगँ क्रशुमा टाँगिएका उनीहरुका माझमा आएर पहिलोका पाऊ अनि दोस्रोका पनि पाऊ भाँचे ।
३३. तर येशूकहाँ आए उनीहरुले उहाँलाई मरेका देखेरे उहाँका पाऊ भाँचेनन् ।
३४. तर एउटा सिपाहीले भालाले उहाँको काख छेड्यो अनि तुरुन्तै रगत र पानी निस्कियो ।
३५. अनि उस्ले यो देखेर गवाही दियो अनि उस्का यो गवाही सत्य छ, अनि उस्ले जान्दछ कि यो सत्य हो ताकि तिमीहरु विश्वास गर्न सक ।
३६. अनि यो सबै धर्मशमस्त्र पुरा हुनका लागी भयो कि उहाँका एक हाड पनि भाँच्नु परेन ।
३७. अनि फेरि अर्का ठाउँमा धर्मशास्त्रले भन्छ, कि जस्लाई उनीहरुले छेडेका थिए त्यसमाथि उनीहरु हेर्नेछन् ।
३८. अरिमाथियाका युसुफ येशूको एक शिष्यल थिए तर यहूदिहरुका डरले गुप्त थिए, त्यस युसुफले पिलातसकहाँ विन्ति गरे कि येशूको शरीर आफुले लैजान पाऊँ अनि पिलातसले त्यो गर्न हुकुम दिए यसकारण उनी आएर येशूको शरीर लगे ।

३९. निकादेमस पनि जो अघी रातमा येशूकहाँ आएका थिए उनी आए र गन्धरस र आगरु मिलाई बनाएका पचास सेरजति ल्याए ।
४०. त्यसपछी यहूदिहरुका गाड्ने रीतिअनुसार उनीहरुले येशूको शरीर लगेर मसलाहरुसित सुतिका लुगाले लपेटे ।
४१. जुनठाँउमा येशू कूशमाथि मारिनु भएका थियो त्यहाँ एक बगान थियो, त्यस बगानमा एउटा नयाँ चिहान थियो जस्मा काही मानिस कहिल्यै सुतेका थिएन ।
४२. त्यो दिन यहूदिहरुका तयारीका दिन थियो, यसैकारण उनीहरुले येशूलाई त्यसठाँउमा सुताए किनकि त्यो चिहान नजिकै थियो ।

## २० अध्याय

१. साताका पहिलो दिन बिहान अँध्यारो रहँदै मरियम मग्दलीनिले चिहाननिर आएर हेरिन कि ढुङ्गा कन देखि कि उ डूँगा चिहानदेखी सरेका थियो ।
२. तब उनी दौडेर शिमोन पत्रुस र जुन शिष्यलाई येशूले प्रेम गर्नुभएका थियो उनीहरुकआँ आएर उनीहरुलाई भनीन् कि उनीहरुले प्रभुलाई चिहानदेखि लगे अनि उहाँलाई कहाँ राखे त्यो हामी जान्दैनौ ।
३. त्यसैले पत्रुस र अर्को शिष्य बाहिर निस्केर चिहानमा आए ।
४. उनीहरु दुवैजना सगैं दगुरे, तर अर्को शिष्य पत्रुस भन्दा चाँडै दौडेर पहिला चिहानमा आईपुगे ।
५. अनि निहुरेर उहाँलाई राखेको सुतिका कपडा देखे तर भित्र गएनन् ।
६. त्यसपछि शिमोन पत्रुस पछी आएर चिहानका भित्र गए, र त्यो राखेका सुतिका कपडा
७. र जुन रुमालले उहाँको सिर बांधिएका थियो, कपरासगँ होइन तर लपेटेर छुट्टै राखिएका रुमाल देखे ।
८. त्यसपछी जो शिष्य चिहानमा पहिला आएकाथिए, उनलेपनी भित्र गएर हेरे र विश्वास गरे ।
९. किनकि उनीहरु यहाँसम्म धर्मशास्त्र थाहा थिएन, कि उहाँ फेरि मृत्युदेखि उठ्नुपर्छ ।
१०. त्यसपछी शिष्यहरु फेरि आफ्ना  घर गए ।
११. तर मरियम चिहानका बाहिर रुँदै उभिरहिन, र तिनी रुँदै निहुरेर तल चिहानमा हेरिन् ।
१२. अनि येशू का शरिर सुताउने ठाँउमा राखेका ठाउँमा शुकिला कपडा पहिरेका एउटालाई शिरतिर र अर्कालाई पाउतिर बसिरहेका दुई दुतलाई देखिन् ।
१३. अनि उनीहरुले उनलाई भने कि हे स्त्री के का लागी रुँदैछौ ? उनले उनीहरुलाई भनिन् कि कसैले मेरो प्रभुलाई लगे अनि उहाँलाई कहाँ राखेका छन् सो म जान्दिनयसैकारण रुँदैछु ।
१४. उनले यो कुरा भनेर मुख फिराइकन येशूलाई उभिरहेका देखिन् तर थाहा पाईनन् कि उहाँ येशू हुनुहुन्छ ।
१५. येशूले उनलाई भन्नुभयो कि हे स्त्री तिमी किन रुदैछौ ? कसलाई खोजिरहेकी छौ ?उनले उहाँलाई माली सम्झेर भनिन कि हे महोदय यदि तपाईले उहाँलाई यहाँदेखि लगेका भए, मलाई उहाँलाई कहाँ राख्नुभयो भन्नु ताकि त्यहाँबाट म उहाँलाई लैजाउँ ।

१६. येशूले उनलाई भन्नुभयो, मरियम, अनि उनी पछाडी फर्किन र भनिन् कि रब्बी अर्थात हे मेरो गुरु ।
१७. येशूले उनलाई भन्नुभयो कि मलाई नछोउ किनकि म अझै आफ्नो पिताकहाँ गएका छैन, तर मेरा भाइहरुकहाँ गएर उनीहरुलाई भन कि मेरो पिताका वा तिम्रो पिताकहाँ र मेरो ईश्वरका अनि तिम्रो ईश्वरकहाँ जाउँ ।
१८ं मरियम मग्दलिनि आएर शिष्यहरुलाई भनिन कि उनले प्रभुको दर्शन पाए र उहाँले यी सबै कुरा उनलाई भन्नुभएका थियो ।
१९. त्यहि दिन साँझका समयमा यहूदिहरुका डरले शिष्यहरु जुन ठाउँमा एक साथ भेला भएर ढोका लगाएर बसेका थिए, येशू आएर माझमा उभिनुभयो र तिनीहरुलाई भन्नुभयो, तिमीहरुलाई शान्ति ।
२०. अनि जब उहाँले आफ्नोआथ र आफ्नो काख देखाउनुभयो, तब शिष्यहरुले प्रभुलाई देखेर भए ।
२१. त्यस समय येशूले फेरि उनीहरुलाई भन्नुभयो कि तिमीहरु शान्ति होस्, जस्तै मेरा पिताले मलाई पठाउनुभयो तस्तै म पनि तिमीहरुलाई पठाँउदछु ।
२२. अनि उहाँले यिनै कुरा भनेर उनीहरुमा सास फुकिदिनुभयों, अनि भन्नुभयो कि तिमीहरुले पवित्र आत्मा पाऊ ।
२३. जस्का पाप तिमीहरु क्षमा दिन्छौ, उनीहरुका पाप माथिदेखि क्षमा हुनेछन्, अनि जस्का पाप तिमीहरु राख्छौ, तिनीहरु त्यस्तै राखिनेछन् ।
२४. तर थोमा बाह्रमा एक जस्का उपनाम दिदिमस् थियो, जब येशू आउनुभयो त्यस समय तिनी उनीहरुसगँ थिएनन् ।
२५. त्यसकारण अरु शिष्यहरुले उनलाई भने कि हामीहरुले प्रभुलाई देख्यौं तर तिनले भने कि उहाँका हातका काँढाका दाग नदेखि र मेरो औँला काँढाका दागमा नहाली अनि उहाँका कोखामा मेरा हातपनी नहाली म विश्वास गर्नेछैन ।
२६. आठदिन पछी उहाँका शिष्यहरु फेरि भित्र थिए, अनि थोमा पनि उनीहरुसगँ थिए, तब ढोका बन्द भएपछी येशू माझमा उभिनुभयो अनि भन्नुभयो कि तिमीहरुलाई शान्ति होस् ।
२७. तब उहाँले थोमालाई भन्नुभयो कि तिम्रो औँला बढाऊ र मेरो हात हेर, अनि तिम्रो हात बढाएर मेरो कोखामा हाल, अविश्वासी नहोउ तर विश्वासी होउ ।
२८. अनि थोमाले जवाफ दिइएर उहाँलाई भने कि हे मेरो प्रभु र मेरो ईश्वर ।
२९. तब येशूले उनलाई भन्नुभयो कि हे थोमा मलाई देखेर तिमीले विश्वास गऱ्यौ, धन्य हुन् तिनीहरुले जस्ले न देखीकन विश्वास गरेका छन् ।
३०. अनि धेरै चिन्हहरु येशूले आफ्ना शिष्यहरुका बिचमा गर्नभयो, जो यस पुस्तकमा लेखिएका छैन ।
३१. तर यो लेखियो ताकि तिमीहरु विश्वास गर कि येशू ईश्वरको पुत्र खीष्ट हुनुहुन्छ अनि विश्वास गरेर उहाँका नाऊद्धारा तिमीहरुले जिवन पाओ ।

## २१ अध्याय

१. त्यसपछी तिबेरियास समुद्रका किनारा येशूले फेरि शिष्यहरुकहाँ आफुलाई देखा पार्नुभयो, अनि यस प्रकारले उहाँले आफुलाई देखाउनुभयो ।
२. शिमोन पत्रुस र थोमा जस्को उपनाम दिदिमस थियो र गालिलिका कानाका नथानिएल र जब्दीको छोरा र उहाँको अरु दुई शिष्यहरु एकै ठाँउ थिए ।
३. शिमोन पित्रुसले उनीहरुलाई भने कि म माछा मार्न जान्छु उनीहरुले भने कि हामीहरु पनि तिमीसगँ जान्छौं, तब उनीहरु गएर तुरुन्तै नाव माथी चढे, अनि त्यसरातमा केही फेला पारेनन् ।
४. बिहान भएपछी येशू किनारामा उभिनुभयो तर शिष्यहरुले जानेनन् कि उहाँ येशू हुनुहुन्छ ।
५. तब येशूले उनीहरुलाई भन्नुभयो कि हे नानीहरु, तिमीहरुसगँ केही खानलाई छ ? उनीहरुले उहाँलाई जवाफ दिए कि छैन ।
६. उहाँले उनीहरुलाई भन्नुभयो कि नावका दाहिनेपट्ठी जाल फ्याक तब पाउनेछौ यसकारण उनीहरुले फेंके पछी धेरै माछाहरुले गर्दा तिनीहरुले त्यसलाई तान्न सकेनन् ।
७. त्यस शिष्यले जस्लाई येशूले प्रेम गर्नुभयो, पत्रुसलाई भने कि उहाँ प्रभु हुनुहुन्छ । शिमोन पत्रुसले यो कुरा सुनेर आफुले मछुवाराको पोशाक कम्मरमा बाँधे (किनकि उनी नाँगो थिए) त्यसपछी समुद्रमा कुदे ।
८. अरु शिष्यहरुपनि माछाका जाल तान्दै सानो डुङ्गामा आए (किनकि किनारा धेरै टाढा थिएन तर बयानव्वे मिटर जति टाढा थियो) ।
९. उनीहरु किनारा लागेर काइलाका बलेका आगो देखे अनि माछा र रोटी त्यसमाथी राखिएका देखे ।
१०. येशूले उनीहरुलाई भन्नुभयो कि जो माछा अहिले पकियौ त्यसबाट अलिकति ल्याओ ।
११. शिमोन पत्रुसले गएर धेरै माछाले भरपूर जाल किनारमा खिँचे, एक शय त्रिपन्न माछा थियो तर यति धेरै हुनाले पनि जाल फाटेन ।
१२. येशूले उनीहरुलाई भन्नुभयो कि अब खाउ, अनि तपाई का हुनुहुन्छ ? भनी उहाँलाई यो सोध्नका आँट कुनै शिष्यको आएन, किनकि उनीहरुलाई थाहा थियो कि उहाँ प्रभु हुनुहुन्छ ।
१३. तब येशू आएर रोटी र माछा लिनुभयो र उनीहरुलाई दिनुभयो ।
१४. आफ्नो बौरी उठाईपछी आफ्ना शिष्यहरुलाई येशूले दर्शन दिइएका यो तेस्रो पल्ट थियो ।
१५. उनीहरुले खाएपछी येशूले शिमोन पत्रुसलाई भन्नुभयो कि हे योनाका पुत्र शिमोन तिमी के यी सबैले भन्दा बढी मलाई प्रेम गर्छौ ? उनले उहाँलाई भने कि हो प्रभु तपाई जान्नुहुन्छ कि म तपाईलाई प्रेम गर्दछु । उहाँले उनलाई भन्नुभयो कि मेरा भेडाका पाठालाई हेरचाह गर ।
१६. उहाँले फेरि पनि उनलाई भन्नुभयो कि हे योनाका पुत्र शिमोन, के तिमी मलाई प्रेम गर्छौ ? उनले उहाँलाई भने कि हो प्रभु तपाई जान्नुहुन्छ कि म तपाईलाई प्रेम गर्दछु । उहाँले उनलाई भन्नुभयो कि मेरा भेडाहरुलाई हेरचाह गर ।
१७. उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो कि हे योनाका पुत्र शिमोन के तिमीले मलाइ प्रेम गर्छौ ? पत्रुस दुखित भए कि उनले तेस्रो पल्ट भने तपाई सर्वज्ञ जान्नुहुन्छ कि म तपाईलाई प्रेम गर्दछु येशूले तिनलाई भन्नुभयो कि मेरा भेडाहरुलाई हेरचाह गर ।
१८. साँचै साँचै म तिमीलाई भन्छु कि जब तिमी जवान थियौ तब तिमी आफ्नो कम्मर बांधेर जहाँ तिम्रो खुशी त्यहाँ गयौ, तर जब तिमी बूढो हाउला तब तिमी हात पर्सानेछौ अनि अरु कसैले तिमीलाई बाँधेर जुनठाँउ तिम्रो मर्जी छैन त्यहाँ तिमीलाई लेजानेछ ।

१९. अनि उहाँ कस्तो प्रकारका मृत्युदेखि इश्वरका महिमा प्रकट गर्नुहुनेछ यो जनाउनका लागी उहाँले यो कुरा भन्नुभयो, उहाँले यो कुरा भनेर उनलाई भन्नुभयो कि मेरो पछी आऊ ।
२०. पत्रुसले पछाडी फर्केर त्यस शिष्य, जस्लाई येशूले प्रेम गर्नुभयो, पछी आउँदै गरेका देखे, अनि रातका खानाका समय उहाँका छातीमाथी आडिएर जस्ले भने कि  हे प्रभु तपाईलाई अरुको हातमा सुम्पने त्यो का हो ?
२१. पत्रुसले त्यसलाई देखेर येशूलाई भने कि हे प्रभु यो मानिसका के होला ?
२२. येशूले तिनलाई भन्नुभयो कि यदि मेरो ईच्छा भए उनी म आउँदासम्म रहनेछन्, तब उनीसगँ तिम्रो के काम ? तिमी मेरो पछी आऊ ।
२३. तब यो कुरा भाइहरुमा फैलियो कि त्यो शिष्य मर्नैछैनन्, तैपनी येशूले भन्नुभएन कि तिनी मर्नेछैनन् तर यदि मेरो ईच्छा भयो भने कि उनी म आउँदासम्म रहनेछन्, तब उनीसगँ तिम्रो के काम ?
२४. यो उही शिष्य हो, जो यस विषयका गवाही दिन्छ र यो कुरा लेख्दछ अनि हामीहरु जान्दछौँ कि उनका गवाही सत्य छ ।
२५. येशूले गर्नुभएका अरु पनि धेरै कामहरु छन् र यदिसबै  लेखियो भने मलाई लाग्छ कि संसारमा पनि लेखिएका पुस्तकहरु अटाँउन सक्दैन । आमेन ।

## The punishment for sin is eternal death and hell.

Heb. 9:27 “As it is appointed unto men once to die, but after this the judgement’
Rev. 20:15 “And whosoever was not found written in the book of life, was cast into the lake of fire”

## God’s provision for your sinful condition is His Son Jesus Christ:

1 Cor.15:3-4 “For I delivered unto you first of all that which I also received how that Christ died for our sins according to the Scriptures; And that he was buried, and that he rose again the third day according to the scriptures.”
Heb.9:14 “How much more shall the blood of Christ, who through the eternal Spirit offered himself without spot to God, purge your conscience from dead works to serve the living God?”
Heb.10:14 “For by one offering he hath perfected for ever them that are sanctified.”
Rom.5:8 ‘But God commendeth his love toward us, in that, while we were yet sinners, Christ died for us.”

## You can be saved – now.

Eph.2:8-9 “For by grace are ye saved through faith; and that not of yourselves it is the gift of God: Not of works, lest any man should boast.”
Rom.10:9,10,13 “That if thou shalt confess with thy mouth the Lord Jesus, and shalt believe in thine heart that God raised him from the dead, thou shalt be saved. For with the heart man believeth unto righteousness; and with the mouth confession is made unto salvation. For whosoever shall call upon the name of the Lord shall be saved.”

## Ask the Lord Jesus Christ to save you – now:

“Lord Jesus Christ, I am a sinner and need your forgiveness. I repent of my self-righteousness and believe that you died for my sins, were buried and rose again from the dead after three days. I now trust you the best way I know how to save my eternal soul from hell and cleanse my debt of sin with your holy blood. Thank you for the gift of eternal life. Amen.”

## पापको ज्याला अनन्त मृत्यु र नरक कुण्ड हो ।

मानिसलाई एकपल्ट मर्न निश्चित छ, तर त्यसपछि न्याय, **हिब्रु ९:२७**
अनि जो कोहि जीवनको पुस्तकमा पाइएन, उस्लाई अग्नि कुण्डमा फालियो । **प्रकाश २०:१५**

## तपाईको पापमय स्वभावको लागी ईश्वरको प्रबन्ध - उहाँको पुत्र येशू खीष्ट ।

किनकि मैले जे प्राप्त गरें त्यसलाई सबै भन्दा पहिले तिमीहरुहरुको माझमा सुम्पिदिएँ, कि कसरी धर्मशास्त्र अनुसार खीष्ट हाम्रो पापहरुको लागी मर्नुभयो, अनि उहाँ गाडिनुभयो, र धर्मशास्त्र अनुसार उहाँ फेरि तेस्रो दिनमा बौरेर उठ्नुभयो । **१ कोरिन्थी १५:३-४**

जो अनन्त आत्माद्धारा आफैलाई निष्कलङ्क चढाउने खीष्टको रगतले अझ कति बढि तिमीहरुको विवेकलाई मरेका कामहरुबाट जिउँदो ईश्वरको सेवा गर्नलाई शुद्ध पार्ला ? **हिब्रु ९:१४**
किनकि क बलिदानले उहाँले सबै शुद्ध पारिएकाहरुलाई सधैंको लागी शुद्ध पार्नुभयो । **हिब्रु १०:१४**
तर ईश्वरले हामीप्रति आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ कि हामी पापी छँदै खीष्ट हाम्रो लागी मर्नुभयो । **रोमी ५:८**

## तपाई  अहिले नै बाँच्न सक्नुहुन्छ ।

किनकि अनुग्रहमा तिमीहरु विश्वासद्धारा बाँचेका छौ, अनि त्यो तिमीहरु आफैबाट हौइन तर यो परमेश्वरको वरदान हो । कामद्धारा होइन नत्रता कुनै मानिसले घमण्ड गर्नेछ । **एफिसी २:८-९**
कि यदि तिमीले आफ्नो मुखद्धारा प्रभु येशू स्वीकार गर्छौ, र तिम्रो ह्रदयमा ईश्वरले उहाँलाई मरेका बाट बौरी उठाउनुभयो भनी विश्वास गर्छौ भने, तिमी बाँच्नेछौ । किनकि ह्रदयले मानिसले धार्मिकताको लागी विश्वास गर्छ, अनि मुखले उद्धारको लागी स्वीकार गर्छ । किनकि कसैले प्रभुको नाममा पुकार्छ भने त्यो बाँच्नेछ । **रोमी १०:९,१०,१३**

## अहिले नै प्रभु येशू खीष्टलाई तपाईलाई बचाउनलाई पुकार गर्नु ।

प्रभु येशू म पापी छु र तपाईको क्षमा चाहन्छु । म मेरो स्व-धार्मिकताको लागी पश्चताप गर्दछु र म विश्वास गर्दछु कि तपाई मेरो पापहरुको लागी मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा फेरि मृत्युबाट बौरी उठ्नुभयो । अब म जान्दछु र म विश्वास गर्दछु कि तपाई एकदमै असल बाटो हुनुहुन्छ जस्मा मेरो अनन्त आत्मा नरकदेखि बाँच्छ र तपाईको पवित्र रगतमा मेरो पापको ऋण शुद्ध पारिएको छ । अनन्त जीवनको उपहारको लागी तपाईलाई धन्यवाद ।

**The differences between NBS, TBS, and Serampore Text**
**एन.बि.एस., टि.बि.एस, र सेरामपोर पाठमा भिन्नता**

John 3:16
"For God so loved the world that he gave his only begotton Son that whosoever - believeth in him should not perish but have everlasting life." (KJV)

किनकि ईश्वरले संसारलाई यति प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो ताकि हरेक मानिस जस्ले उहाँमाथि विश्वास गर्दछन्, नाश नहोउन तर अनन्त जीवन ञपाऊन् । (Serampore)

किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्‍ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्‍वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। (NBS)

किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्‍वास गर्ने कोही पनि नष्‍ट नहोस्, तर उसले अनन्त जीवन पाओस्। (TBS)

John 1:14
“And the Word was made flesh, and dwelt among us, (and we beheld his glory, the glory as of the only begotten of the Father,) full of grace and truth.” (KJV)

अनि वचन देह भयो अनि दया र सत्यताले भरपूर भएर हाम्रो माझमा वस गर्‌यो अनि पिताका एक मात्र जन्माइएका पुत्रका महिमाका जस्तो हामीले उहाँका महिमा देख्यौँ । (Serampore)

अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो। (NBS)

अनि वचन शरीर हुनुभयो, अनि हाम्रो माझमा अनुग्रह र सत्यताले पूर्ण भएर वास गर्नुभयो, अनि हामीले पिताका एक मात्र जन्माइएका पुत्रको महिमाजस्तो उहाँको महिमा देख्यौं। (TBS)

John 17:17
“Sanctify them through thy truth: thy word is truth.”

उनीहरुलाई तपाईका सत्यले शुद्ध गर्नुहोस् तपाई वचन सत्य छ । (Serampore)

तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। (NBS)

तपाईंको सत्यताद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो। (TBS)